वीरेन्द्रनगर नगरपालिकाको ११ औ नगरसभाकाको एघारो वैठकमा

कार्यपालिका प्रमुख श्री मोहनमाया ढकाल भण्डारीले

प्रस्तुत गर्नु भएको

# **आर्थिक वर्ष २०७९/०८० को**

# नीति र वक्तव्य

वीरेन्द्रनगर नगरपालिका

कर्णाली प्रदेश सुर्खेत, नेपाल

www.birendranagarmun.gov.np

**<u>नगरसभा सहअध्यक्ष एवं सम्पुर्ण नगर सभासदस्यज्यूहरु,</u>**

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्नगर नगरपालिकाको स्थानीय तह सदस्य निर्वाचन, २०७९ निर्वाचन पश्चात यस गरिमामय एघारौं नगर सभालाई संवोधन गर्न पाउँदा खुसी व्यक्त गर्न चाहान्छु ।

नेपालको संविधान २०७२, जारी भए पश्चात दोस्रोपटक स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भएको छ । स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपुर्ण र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतान्त्रिक व्यवस्थालाई जगै देखि बलियो बनाएको छ । यस सुखद घडीमा स्थानीय तह वीरेन्द्रनगर नगरपालिकाको गरिमामय यस नगरसभा उपस्थिती जनाउन पाउदा गर्वको अनुभूती भएको छ । यसै सभा मार्फत म सम्पुर्ण नगरवासी आमा, वुवा दाजु भाई दिदीवहिनीहरु सवैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस गौरवपूर्ण अवसरमा राष्ट्रिय एकता र अखण्डता कायम गरी सिंङ्गो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने राष्ट्रिय हितका लागि देशको विभिन्न राजनैतिक तथा सामाजिक आन्दोलनमा शहादत प्राप्त गर्ने ज्ञात अज्ञात सम्पूर्ण वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । साथै विभिन्न आन्दोलनमा नेतृत्वदायी भुमिका निर्वाह गर्दै समाज परिवर्तनको अग्रस्थानमा रहनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

यसै सन्दर्भमा यस नगरसभाबाट आ.व.०७९/०८० मा नगरपालिका ले अपनाउनुपर्ने नीतिलाई प्रस्तावको रुपमा नगरसभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

**क - राजश्व तथा वित्त व्यवस्थापन तर्फ**

१. आर्थिक वर्ष ०७८/०७९ का लागि स्वीकृत कर दस्तुरलाई वृद्धि नगरी सोहि दरलाई नै निरन्तरता दिंदै करदाता र करको दायरा विस्तारको नीति तथा करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवम् सहुलियत दिने नीति लिईनेछ ।

२. कर्णाली प्रदेशको राजधानी रहेको यस विरेन्द्रनगर नगरपालिकालाई उपमहानगरपालिका वनाउन आवश्यक पर्ने राजस्व रु २७ करोड संकलन गर्ने लक्ष्य तयार गरि योजनाका साथ पुर्ण कार्यान्वयन गरिनेछ ।

३. नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सुची भित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडीबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हु ने गरि कर संकलनकार्यलाई निरन्तरता दिईनेछ ।

४. नगरपालिका क्षेत्रभित्रका घरहरुको मापदण्ड तयार गरि न्युनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर प्रचलित कानून अनुसार प्रत्येक वडा कार्यालयवाट कर संकलन गरिनेछ । यसरी संकलित रकमको १५ प्रतिशत रकम वडा कार्यालयलाई आवश्यक पूर्वाधार सडक वत्ती, सरसफाई, विपद् व्यवस्थापन, अत्यावश्यक सार्वजनिक सेवा ब्यवस्थापन तथा राजस्व असुलीका कार्यक्रम सचालन गर्न वडा समितिवाट वनाएको कार्यक्रमका लागि मापदण्डका आधारमा उपलब्ध गराइनेछ ।

५. ब्यापार ब्यवसाय कर संकलनलाई प्रभावकारी वनाउन हाल सम्म ब्यवसाय कर नवुझाएका ब्यवसायीलाई जरिवाना छुट दिदै कर असूली गर्ने र कर संकलनका लागि आवश्यकताका आधारमा सुर्खेत उद्योग वाणिज्य संघको साझेदारीमा परिचालन गर्दै उठेको रकमको १५ प्रतिशत रकम ब्यवसायिक सुरक्षा, कर संकलन तथा ब्यवसाय प्रवर्द्धनका लागि संघवाट प्रस्तावित कार्यक्रममा सहकार्य गरिने छ ।

६. महिला अपांङ्ग तथा अति विपन्न दलितद्वारा संचालित उद्यम तथा ब्यवसायको कुनै पनि कर तथा सेवा शुल्कमा १० प्रतिशत छुट दिइने छ ।

७. घरवहाल कर, व्यवसाय कर जस्ता महत्वपूर्ण अधिकार क्षेत्र भएको कर असुली दरमा प्रभावकारीता ल्याउन राजश्व संकलन सुधार कार्ययोजना अनुरुपका कार्यहरु गरिनेछ ।

८. कर संकलन कार्यलाई प्रविधिमैत्री बनाउंदै नगर तथा वडामा कार्यरत कर्मचारीहरुलाई विभिन्न क्षमता विकास तथा प्रविधिमैत्री तालिमहरु संचालन गरिनेछ ।

९. नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र वस्तु तथा सेवाहरु खरिद गर्ने नगरपालिका अन्तर्गतका कार्यालय र अन्य सार्वजनिक निकायलाई समेत अनुरोध गर्ने नीति लिईनेछ ।

१०.सरकारको नाममा बाटो लगतकट्टा गर्ने (कित्ताकाट तथा खरिदविक्री बाहेक बाटो लगतकट्टाको लागि मात्र) सिफारिस निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. नगरको दिगो र ब्यवस्थित विकासका लागि नगरको आवधिक योजना, योजना बैक तथा मध्यकालीन खर्च संरचना **(MTEF)** वनाई आगामी आ व देखि यीनै दस्तावेजका आधारमा वजेट योजना तर्जुमाका कामहरु गर्ने ब्यवस्था मिलाईनेछ ।

१२.अपाङमैत्री व्यक्तिगत भवन निर्माणको नक्शापास दस्तुरमा २५ प्रतिशत त्यस्तै घरको पानी आफ्नै घर परिसर व्यवस्थापन गर्ने घरधनीलाई समेत १० प्रतिशत नक्शापासमा छुट दिइनेछ ।

१३.जेष्ठनागरिक/अपांङ्ग/गरिब/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएका उपचार सहुलियत, गरिब तथा जेहन्दार छात्रवृत्ति जस्ताको सिफारिस निःशुल्क गरिनेछ ।

१४.वित्तीय सुशासन तथा वेरुजु न्यूनीकरणका लागि वेरुजु सम्वन्धमा चौमासिक समिक्षा लगाएत वेरुजु न्यून भएका पालिकाहरुको अध्ययन अवलोकन गर्दै कर्मचारी तथा पदाधिकारीको क्षमता विकासका कार्यक्रम संचालन गर्दे पालिकाको

वार्षिक वेरुजू ५ प्रतिशत भन्दा कम गराउन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१५. नगरपालिकाले लिंदै आएको सम्पत्तिकरलाई बैज्ञानिक र वस्तुपरक वनाई प्रगतिशील करको मान्यतालाई आत्मसाथ गर्दै कर प्रणालीलाई प्रभावकारी वनाउंदै छुटेका सम्पत्तिहरुलाई समेत समावेश गरिनेछ ।

**ख- पूर्वाधार विकास तर्फ**

१६.वढी सवारी चापहरु भएका स्थानहरु जस्तै मंगलगढी र एरिचोकमा सम्भाव्यता अध्ययन गरि आकाशे पुलको निर्माण गरिनेछ ।

१७.फुटपाथ,साईकल लेन, सवारी पार्किङ्ग,रोडमा लाइनिङ्ग,ट्राफिक लाइट समेतको डिजाईन गरी नमुना सडक निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१८.उपत्यकाको खानेपानी समस्यालाई दीगो समाधान गर्न भेरीको पानी लिफ्टिङ्ग आयोजना अगाडि वढाउन संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंगको सहकार्यमा गरिने छ । यसै आर्थिक वर्षदेखि पहुचमार्ग निर्माण लगायत अति आवश्यक पूर्वाधारका कार्यहरु यसै आ.व. देखि शुरुवात गरिनेछ ।

१९.नगरपालिकाको राजमार्ग क्षेत्रमा विविध कारणले वुझिएका ढलहरु पूर्ववत् रुपमा संचालनमा ल्याई धनजनको क्षति न्युनीकरण गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम र विपत व्यवस्थापन कोषवाट तुरुन्त मर्मत संम्भार गर्ने व्यवस्था मिलाउने र जटिल प्रकृतिको डुवान भएको क्षेत्रको पहिचान गरि जनप्रतिनिधि र ईन्जीनियर सहितको प्राविधिक टोली खटाई सोको प्रतिवेदनको आधारमा दीर्घकालीन समाधानका लागि वजेट तथा श्रोत व्यवस्था गरि समाधान गर्ने ।

२०. विश्व वैङ्क, संघीय खानेपानी विभाग, कर्णाली प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा निर्माण हुने भेरी लिप्टिङ्ग खानेपानी आयोजना सञ्चालन गर्नका निम्ति वीरेन्द्रनगर नगरपालिकाबाट गर्नुपर्ने लागत साझेदारी रकमको व्यवस्था

गरी वीरेन्द्रनगर उपत्यकामा बसोवार गर्ने नगरवासीहरुका लागि स्वच्छ खानेपानी उपलब्ध गराईनेछ । नगर क्षेत्रको थप बिकासको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गर्दै **PPP** मोडलबाट बिकास निर्माणका कार्यहरु सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

२१.धुलियाविट देखि वाङ्गेसिमलसम्मको मुख्य सडकको उत्तर तर्फ वर्षायामको पानी निकास नहुने समस्याको दीगो समाधानका लागि आवश्यक अध्ययन गराई उचित निकासको व्यवस्था मिलाईनेछ ।

२२.मुख्य बजार सडकलाई व्यबस्थित र सुन्दर फुटपाथ सहितको सडक निर्माण गर्ने गरी निर्माण प्रकृयाकार्यलाई निरन्तरता दिईनेछ साथै मुख्य बजारको बिधुतको पोललाई बिस्थापन गरी जमिनमुनी तारको ब्यबस्थापन गर्न प्रदेश र संघीय सरकारसंग सहकार्य गरी काम अघि बढाईनेछ ।

२३.नगरका नागरिकहरु सहज आवागमनका लागी नगर वस सञ्चालन कार्यविधि निर्माण गरि सञ्चालन प्रक्रिया अगाडि वढाइनेछ । वीरेन्द्रनगर नगरपालिका वडा नं १० मा निर्माणाधिन सामुदायिक गौशालालाई सरोकारवाला निकायहरुसंग समन्वय गरी थप संरचना निर्माण गरी छाडा पशुहरुको व्यवस्थापन गरिनेछ ।

२४. वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पूर्वाधार संरचनाहरु सडक, पुल, खानेपानी आदी मर्मतका लागि छुट्टै निर्माण दल गठन गरि आवश्यकताका आधारमा पूर्वाधार मर्मतका कार्यहरु गरिनेछ ।

२५. नगर क्षेत्रभित्र नीजि, सामुदायिक र सरकारी भवनहरुलाई नक्सापास गर्ने, भूकम्प प्रतिरोधी, सबैकालागि पहुंच योग्य संरचना निर्माण तथा वस्तीलाई सुरक्षित तथा सुन्दर बनाउनका लागि भवन निर्माण संहितामा **Buildings by laws** आबश्यक संशोधन गरी थप प्रभावकारी रुपमा लागु गरिनेछ र सो को बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गर्दै तालिम प्राप्त डकर्मीहरुबाट मात्र घर निर्माण गर्ने ब्यबस्था गरिनेछ । साथै डकर्मी तथा सरोकारवाला निकायहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

२६. भवन निर्माण संहितामा कार्यान्वयन हुनु पुर्व निर्माण भएका भूकम्पीय जोखिम यूक्त नीजि तथा आवासीय भवनहरुलाई प्रवलीकरण गर्नका निम्ति अभिप्रेरित गर्ने र न्यून आय भएका वस्ती छनौट गरी नमुना प्रवलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. वीरेन्द्रनगर नगरपालिका भित्र निर्माण हुने आवासीय क्षेत्रलाई थप सुन्दर, व्यवस्थित र नगरवासीलाई सहजताका लागि विभिन्न आवासीय भवनहरुको नमुना नक्साहरु वनाई प्रत्यक भवनहरुको अगाडीको भागमा एकरुपता ल्याउनका लागी आवश्यक पहल गरिनेछ ।

२८. समग्र नगरक्षेत्र भित्रको फोहरमैलाको उचित ब्यबस्थापनका लागि ल्याण्डफिल साईट निर्माणको स्वीकृत बिस्तृत आयोजना प्रतिबेदन **Detailed project report** अनुसार निर्माण कार्यलाई निरन्तरता दिईनुका साथै उक्त स्थानसम्म जाने पहुंच मार्गको स्तरोन्नती गरिनेछ ।

२९. नगर क्षेत्रका सडकहरु तथा प्रत्येक घरधुरीको नम्बरिङ्ग गर्दै मेट्रिक ठेगाना प्रणाली लागु गर्न सुरु गरी परम्परागत नक्सापास प्रर्णालीलाई सहज, सरल र पारदर्शिताका लागि विधुतीय पद्धतीवाट गरिनुका साथै पुराना नक्साहरुको समेत डिजिटाईजेशन गरिनेछ ।

३०. नापी कार्यालय संग समन्वय गरी नगर भित्रका सडक र खोलाको नक्साङ्कन गरी **right of way** एकिन गरी संरक्षणको नीति लिईनेछ । बिस्तारित नगर क्षेत्रका जमिनमा बढ्दै गएको अब्यबस्थित तरिकाले जग्गा प्लटिङ्ग तथा बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ । वीरेन्द्रनगर नगरपालिकाको स्वीकृत गुरुयोजना बमोजिम शहरी नापी हुन वांकी वडामा शहरी नापी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. नगरपालिकाको बिभिन्न सडकहरुको नियमित मर्मत सम्भार गर्नको लागि सडक मर्मत सम्भार **RMG** कार्यलाई निरन्तरता दिईनेछ ।

३२. पूर्वाधार बिकास क्षेत्रमा मानव श्रोत साधनको प्रयोग गरी स्थानीय रोजगारी संग आबद्ध गरी योजना सञ्चालन गरिनेछ ।

३३. कृषि योग्य जमिनमा सिंचाई सुविधाका लागि प्रदेश सरकार र संघीय सरकारसंग पहल गरिनेछ साथै सो कार्यका लागि आबश्यक साझेदारी गर्नुपर्ने रकमको समेत व्यवस्थापन गरिनेछ ।

३४. निर्माण चरणमा रहेको नगरपालिका कार्यालय भवनका लागि चालु आर्थिक वर्षमा नगरपालिकाको तर्फबाट ब्यहोरिने लागत सहभागिता वापतको रकम व्यवस्थापन गरिनेछ ।

३५. वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा व्यवस्थित पर्यटकीय पूर्वाधारहरु निर्माण गरी नगरपालिका मार्फत नै सञ्चालन तथा सम्वर्द्धन गर्ने तर्फ आबश्यक पहल गरिनेछ ।

३६. पूर्वाधार विकासमा कृषि तथा पर्यटकीय सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गरिनेछ ।

३७. वडा केन्द्रसम्म पक्की सडक पूर्वाधार निर्माण हुन वांकी रहेका वडाहरुमा पक्की सडक निर्माण गरी वाह्रै महिना सवारी आवतजावत गर्न र वडासम्म पुग्ने बाटोहरुको स्तरोन्नती सहित पहूँच मार्गहरुको सुनिश्चितता हुने गरि वजेट ब्यबस्थापन गरिनेछ । वडा न १५ र १६ मा विधुतीकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८.नगरक्षेत्रभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था, पार्क लगायतका अन्य महत्वका सार्वजनिक पूर्वाधारहरुमा भएका संरचनाहरुलाई वालमैत्री तथा अपाङ्ग मैत्री वनाउन आवश्यक पहल गरिनेछ ।

३९.वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्रका पूर्वाधार सम्बन्धि कुनै समस्या आएमा नगरबासीले यस कार्यालयको website मा गुनासो राख्ने व्यवस्था मिलाईनेछ ।

## ग- कृषि तर्फ

"**आली देखि थालीसम्म, गोठ देखि ओठसम्म**" भन्ने मुल नारालाई आत्मसाथ गर्दै यस नगरको कृषि तथा पशु सेवा प्रवर्द्धनका कार्यक्रमहरु तर्फ देहायका नीतिहरु रहेका छन् ।

४०.मेयरसंग कृषक महिला कार्यक्रम सञ्चालन गर्ने कृषि पकेट क्षेत्र निर्धारण गरिएका वडाहरुमा करिव ३०० जना महिलाहरुलाइ ५० प्रतिशत अनुदानमा पूँजी तथा प्रविधि हस्तान्तरण लगायतका कार्यक्रम गरि महिलाहरुको आयआर्जनमा वृद्धि गरिनेछ ।

४१.कृषि नै हाम्रो सफलता र जीवन निर्वाहको प्रमुख आधारको रुपमा लिएको छ। नगरपालिका क्षेत्रमा कम्तिमा ३ कट्ठा जग्गामा व्यवसायीक तरकारी खेती, फलफुल र उन्नत जातको बीउ वीजन उब्जाउने कृषकलाई एकमुष्ट अनुदान/प्रोत्साहन दिने कार्यक्रम संचालन गरिने छ ।

४२.नगरपालिकालाई अर्गानिक मैत्री कृषि उत्पादनमा बढवा दिन कृषकहरुलाई अर्गानिक उत्पादनमा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

४३.नगरमा कृषि तथा पशुपालन हुंदै आएका वडाहरुलाई पकेट क्षेत्र तोकी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि सामाग्री, ज्ञान, सीप, पूँजी र प्रविधिको प्रयोगलाई व्यापक बनाई निर्यात प्रवर्द्धन गरिने छ ।

४४.कृषि क्षेत्रबाट रोजगारी सिर्जना गर्न यूवा लक्षित, अपाङ्ग लक्षित, द्वन्द्ध पिडित र अतिविपन्न लक्षित कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

४५.आधुनिक कृषि प्रणालीलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न कृषकको खेतबारीको माटो परिक्षण गरिने छ ।

४६.व्यावसायिक रुपमा खेती गर्ने कृषक, कृषक समुह, कृषक सहकार्य समुह र कृषि फर्म तथा सहकारीहलाई "नगर कृषि प्रोत्साहन" कार्यक्रम संचालन गरिने छ ।

४७.कृषि क्षेत्रमा व्यवसायिकताको विकास गर्न कृषि उपजको व्यवसायीकरण, यान्त्रीकरण, बजारीकरण, प्रशोधन र ओद्योगीकरणका लागि आवश्यक ब्यवस्था गर्न विभिन्न निकायहरुसंग सहकार्य गरिने छ ।

४८."पौरखी हातहरुलाई सरकारको साथ" नारालाई आत्मसात गर्दै सहकारी तथा समुहमा आवद्ध जीवन भर कृषि पेशा गरेका कृषकहरुले उत्पादन गरेको परिमाणको आधारमा विशेष प्रोत्साहन कार्यक्रम लागू गरिने छ ।

४९.कृषि व्यावसायलाई व्यावसायिक र मर्यादित पेशाको रुपमा अगाडी बढाउन वाली विमा कार्यक्रम संचालन गरिने छ ।

५०."बाँझो जमीनको प्रयोग उत्पादनमा सहयोग ," भन्ने सोँचका साथ बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

५१.कृषि उत्पादनलाई भण्डारण गर्नको लागि आधुनिक शीत भण्डारण र चिस्यान केन्द्र स्थापनामा सार्वजनिक, नीजि र साझेदारीको मोडेल अवलम्बन गरिने छ ।

५२.खेती योग्य सिँचाई सुविधा नपुगेको जमिनमा सिंचाई सुविधाको लागि साना सिंचाई तथा सहकारी सिंचाई कार्यक्रम संचालन गरिने छ ।

५३.कृषकहरुले उत्पादन गरेका कृषि उपज सहजरुपमा खरिद विक्रिका लागि तथा कृषि तथा पशुपालनमा देखिएको विचौलियाको अन्त गर्नका लागी उपयुक्त स्थानहरुमा पशु तथा तरकारी हाटॅ वजार र कृषि सङ्कलन केन्द्र निर्माण गरी संचालनमा ल्याईने छ । यसका लागि तरकारी एम्वुलेन्सको व्यवस्था गरिनेछ ।

५४.कृषि वन प्रणालीको माध्यमबाट कृषि र वातावरण क्षेत्रको सन्तुलन कायम गरिने छ ।यसका लागि सम्भावना भएका वनक्षेत्रहरुको पहिचान गरि सम्वन्धित सामुदायिक वनहरुसंगको समन्वयमा जडिवुटी तथा फलफूल उत्पादमा जोड दिइने छ । जग्गाको उपलब्धता नहुने क्षेत्रहरुमा कौशीखेती विस्तारमा जोड दिइनेछ ।

५५. नगरलाई तरकारीमा निर्भर गर्नका लागी वेमौषमी तरकारी खेती व्यासायिक तरकारी खेती दिगो बनाउन प्रविधिको व्यापक बिस्तार गर्नको लागि प्रविधि विस्तार कार्यक्रम, लोपोन्मुख रैथाने वालीको संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५६.नगरपालिका भित्र व्यवस्थित रुपमा बाली उत्पादन तथा वातावरण मैत्री कृषि उत्पादन गर्नका लागि आई.पि.एम./आई .सी..डि.एम. कृषक पाठशाला नियमित रुपमा सञ्चालनको प्रवन्ध गरिनेछ ।

५७.प्राङ्गारीक खेती प्रोत्साहन तथा जमिनको उत्पादकत्व बढाउनका लागि जैविक मल अनुदानमा उपलब्ध गराउनुका साथै स्थानीय स्तरमा भर्मिङ कम्पोष्ट, कम्पोष्ट मल र जैविक विषादी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

५८.नगर भित्रै गुणस्तरीय खाद्यान्न बीउ उत्पादनका लागि एक वडा एक सामुदायिक बीउ बैंक स्थापना गर्ने उदेश्यका साथ ईच्छुक फर्म, कृषक समुह तथा सहकारीलाई बीउ वीजन उत्पादनका लागि आवश्यक सामाग्रीमा अनुदानको व्यवस्थापन गरिनेछ ।

५९.वडा तहवाट हुने कृषि विकासका गतिविधिहरुलाई प्रभावकारी र उपयोगी गराउन नगरवाट अनिवार्य समन्वय गर्ने ब्यवस्था गर्दे कार्यक्रम संचालनका लागी एकद्धार प्रणालीको अबलम्बन गरिनेछ ।

६०.नगरपालिका भित्रका शहरीकरण भईरहेको वडाहरुलाई वडामा पनि जमिन खण्डीकरण भईसकेको अवस्थालाई मध्यनजर गर्दै पोषण सुरक्षा को लागी कौशी खेती प्रबर्द्धन गरिनेछ ।

६१.नगर भित्र कृषि खेति हुंदै आएका वडाहरुको माटो परीक्षण गरी उपयुक्तताका आधारमा एक गाँउ एक उत्पादन ” नीति अबलम्बन गर्दै प्रत्येक वडामा कम्तिमा सक्रिय कृषि सहकारीहरुलाई वाली विशेष उत्पादनमा जोड दिइ कृषि उत्पादनमा वजारीकरण प्रोत्साहन कार्यक्रममा विशेष सहयोग गरिने छ ।

६२.नगरपालीका भित्र कृषि तथ्याङ्क व्यवस्थित तथा कृषक सुँचीकरण गरी विषेश अनुदानको व्यस्थापन गरिनेछ ।

६३. बालीजन्य पकेट विकास तथा अन्य कृषिका भौतिक संरचना निर्माणका लागी संघीय तथा प्रादेशिक बजेटसंग पालिकाले साझेदारीमा कार्यक्रम संचालन गर्नेछ ।

६४.कुनै पनि वहानामा जग्गालाई खाली नराख्न सम्वन्धित जग्गाधनीलाई अनरोध गर्दै भूमी बैक अवधारणालाई कार्यान्वयन गर्न  नगरपालिकाले खाली र बाँझो जग्गाको लगत लिई  लिजमा लिने र खेती गर्न चाहनेहरुलाई आवश्यकताका आधारमा जग्गा उपलब्ध गराइने नीतिलाई प्रारम्भ गरिनेछ ।

**घ- पशु सेवा तर्फ**

६५.व्यबसायिक कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुको उत्पादनको आधारमा कृषि यान्त्रिकीकरणमा आबश्यक सहयोग गर्ने,  कृत्रिम गर्भाधान  कार्यक्रम, कृषकहरुको लगानी सुरक्षित र क्षति न्यूनीकरण गर्न नगर क्षेत्रमा पशुपन्छी बिमा कार्यक्रमलाई बिशेष प्राथमिकताको नीति लिइनेछ ।

६६.पशुपालनमा लागत खर्च कम गरी पोषणमा सुधार ल्याउन बिभिन्न किसिमका हिउँदे ,बर्षे ,बहु बर्षे डाँले तथा भुई घाँसहरु कृषकहरुको मागको आधारमा बितरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ ।

६७.पशुपन्छीको स्वास्थ्यका लागि बिभिन्न किसिमका औषधी उपचार सेवा ,पशु स्वास्थ्य शिविर ,महामारीजन्य रोग नियन्त्रण लगायत पशुपन्छी खोप सेवा कार्यक्रम सञ्चालन गर्ने र संघ तथा प्रदेश सरकारको सहयोगमा वीरेन्द्रनगरमा विशेषज्ञ सेवा सहितको पशु अस्पताल स्थापनाका लागि पहल गरिनेछ ।

६८.परम्परागत पशुपन्छीपालन व्यबसायलाई व्यबसायीक पशुपालन पद्धतीमा रुपान्तरण गर्न पशुपन्छीको गोठ ,खोर सुधार कार्यक्रम अन्तर्गत गाई/भैंसीको भकारो सुधार ,बाख्रा तथा कुखुराको खोर सुधार गरी कृषकहरुलाई व्यबसायिकता उन्मुख हु ने कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकालाई मासु

र अण्डामा आयत प्रतिस्थापन गरी आत्मनिर्भर बनाउनको लागि व्यवसायीककरण गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

६९.पशु चौपायाहरुको अभिलेख ब्यवस्थापन तथा छाडा पशु निन्त्रणमा सघाउ पुर्याउन पशु ट्यागिङ्ग कार्यक्रम संचालन गरिने ।

७०.गाईभैसी, भेडाबाख्रा, कुखुरा, माछा, मौरीपालक किसानहरुलाई प्रोत्साहन गर्ने "नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार" कार्यक्रम संचालन गरिने छ ।

**ङ- पर्यटन प्रवर्द्धन**

७१. हाम्रो वीरेन्द्रनगर, राम्रो वीरेन्द्रनगर अभियानका लागी नगरको पर्यटन प्रर्वद्धनका गर्न पर्यटन भिडियो उत्पादन गरि प्रचार प्रसारमा संचार माध्यम र नीजि क्षेत्र संग सहकार्य गर्ने नीति लिइनेछ । विभिन्न यूटुव सामाजिक सञ्जाल सकेत बोर्ड, अंग्रेजी भाषामा पर्यटन प्रचार प्रसार सामाग्री निर्माण गरि प्रचार प्रसार गरिने छ ।

७२.यस नगरपालिकाको क्षेत्र भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनका लागि विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरिने र वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुलाई नगरपालिकाको संरक्षकत्वमा राखी यी पार्कबाट हुने आम्दानीलाई ब्यवस्थित गर्दै सोही क्षेत्रको प्रवर्द्धनमा खर्च गरिने छ ।

७३.गढी छेडाँ देखि गढी भ्यू पोइन्टसम्मको सडकमा एकै प्रकृतिका परम्परागत शैली झल्कने घर निर्माण तथा गुराँस फुल विरुवा सहित सडक सजावटको मापदण्ड वनाई लागु गरिनेछ ।

७४.नगर क्षेत्र भित्र रहेका होमस्टेहरुको क्षमता विकास गर्दै होमस्टेलाई ब्यवसायिक र सांस्कृतिक घरका रुपमा रुपान्तरण गर्न व्यक्ति र समुदायलाई उत्प्रेरित गरिने छ साथै नगर भित्रका पार्क तथा उद्यानहरुको स्तरवृद्धि तथा सुधारका लागि जोड दिइनेछ

**७५.** नगर भित्र रहेका पर्यटकीय तथा दर्शनीय स्थलहरुको भौतिक सुधार गर्दै वीरेन्द्रनगर भित्रका गरगरे जर्वुटा लगायतका अन्य थप क्षेत्रहरुको पहिचान गरि कम्तीमा एक दिनको पर्यटन यात्राको रुट तयगरि विकास गर्न आवश्यक सहकार्य गरिनेछ ।

**७६.** कांक्रेविहार र गढी क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरि शहिद पार्क देखि सिद्दपाइला सम्म केवुलकार जिपलाइन  वन्जिजम्पिङ्ग जस्ता शाहसिक खेलको  सम्भाव्यता अध्ययन गरिनेछ ।

**च- सहकारी तथा गरिवी निवारण तर्फः**

**७७.** सहकारीलाई नगरपालिकाको नीति अनुसार एकीकरण गरिनेछ । आवश्यकता र प्राथमिकताका आधारमा उत्पादनमुलक र सेवामुलक सहकारीलाई थप गर्न र यस क्षेत्रमा लाग्न थप प्रोत्साहित गरिनेछ । विगतमा दर्ता भई निस्कृय भएका र नयाँ सहकारी संस्थाहरुलाई क्षमता विकासका कार्यक्रमहरुका लागि सहकारी शिक्षा नेतृत्व विकास एवम् सहकारी व्यवस्थापन लगायतका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । आवश्यकताका आधारमा सहकारीहरुको दर्ता, अनुमति, खारेजी र विघटनको कार्यलाई निरन्तरता दिइनेछ ।

**७८.** एक सहकारी एक उत्पादनको कार्यक्रम सञ्चालन गर्न सहकारीलाई उत्प्रेरित गरिनेछ । उत्पादन परिमाणका आधारमा अनुदानको व्यवस्था गरी उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ । विभिन्न सहकारीहरुलाई वहु उत्पादन, प्रशोधन, तथा वजारीकरण तर्फ उन्मुख गराउन ती संस्थाहरुलाई प्रेरित गरिनेछ । सहकारीको माध्यामबाट विपन्न वर्गका सदस्यहरुको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनाहरुलाई वित्तीय सहयोगका लागि प्राथामिकता दिइनेछ ।

**७९.** सहकारीलाई चुस्त दुरुस्त वनाउनका लागि **copo-mis** सफ्टवेरमा आवद्ध गर्ने र सम्पति शुद्धिकरण सम्वन्धि ऐनमा व्यवस्था भए अनुसारका सम्पति शुद्धीकरण मापदण्ड अवलम्वन गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

८०. विगत आ.व. देखि शुरु गरिएको गरिव घर परिवार पहिचान र परिचय पत्र वितरण कार्यका लागि परिवार सर्वेक्षणको कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको समन्वयमा गरिव पहिचान भएका घरपरिवारहरुलाई परिचयपत्र वितरण गरि उक्त परिवारका कम्तीमा एक सदस्यलाई विभिन्न रोजगार कार्यक्रम र लक्षित वर्गका कार्यक्रमहरु आवद्ध गरिनेछ ।

८१. वैदेशिक रोजगारीबाट फिर्ता भएका covid -19 का कारणले वेरोजगार भएका व्यक्तिहरुलाई सामाजिक पुनःएकीकरणमा जोड दिदै उनीहरुले प्राप्त गरेका ज्ञान, सीप र उद्धमशीलतालाई उपयोग गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. संघीय सरकारको समन्वयमा फुसको छाँना विस्थापनको कार्यक्रमलाई नियमित रुपमा अगाडी वढाइनेछ ।

**छ- उद्योग बाणिज्य तथा उपभोक्ता हित तर्फ**

८३.खाद्य, कृषि तथा वनजन्य वस्तुहरुको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने घरायसी प्रयोजनका वस्तु एवं स्थानीय स्थरमा प्राप्त हुनसक्ने कच्चापदार्थ प्रयोग गरी उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना र विस्तार तथा प्रवर्द्धनमा विशेष प्रोत्साहन गरिनेछ ।

८४.स्थानीय सरकारले **'उद्यमशीलता,रोजगारी र उत्पादन बृद्धि : हुन्छ वीरेन्द्रनगरको समृद्धि'** नीति अवलम्वन गरी उपलब्ध स्रोत साधन, पुँजी, सीप एंव प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८५. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन,रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु

तथा साना उद्यमहरुलाई  अभियानको रुपमा विस्तार गर्ने अभिप्रेरित गरिनेछ ।

८६.महिला, एकल महिला, दलित, असहाय तथा विपन्न वर्ग लगायतका समुदायहरुको व्यवसायीक उत्थान एवम् जनजीविका सहजताका लागि आवश्यक सीपमुलक तालिम प्रदान गर्नुका साथै विभिन्न लघुउद्यमी कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. नगर तथा घरेलु तथा साना उद्योगको हव क्षेत्रको रुपमा विकास गर्ने कम्तीमा साझेदारी गर्न सक्ने वडाहरुमा 'एक  वडा एक लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

८८.यस नगर क्षेत्रभित्र सम्भाव्य उद्यमी पहिचान गरी व्यवसाय प्रति जागरुकता/उत्सुकता जगाउन उद्यमशीलता विकास तालिम संचालन गरिनेछ र सफल उद्धमीलाई प्रोत्साहन तथा पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ ।

८९.  बैदेशीक रोजगारीबाट फर्किएका युवा/युवती हरुलाई बैदेशीक सिपको सदुपयोग तथा ज्ञान हस्तान्त्रणका लागि युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरी नगरक्षेत्र भित्रै स्वरोजगारको वातावरण सृर्जना गर्ने पहल गरिनेछ ।

**ज-  फोहरमैला, सरसफाई, तथा स्वच्छता ब्यवस्थापन**

९०.हाम्रो फोहर हाम्रो ब्यवस्थापनलाई पूर्ण कार्यान्वयन गर्नका लागि प्लाष्ट्रिक झोला प्रयोगमा निरुत्साहित गर्न प्लाष्ट्रिक झोला प्रयोग नगरी कपडा तथा कागजको झोला प्रयोग गर्ने ब्यवसायिक फर्मलाई नगरपालिकावाट तोकिएका कर तथा सेवा शुल्कमा १० प्रतिशत छुट दिइने छ भने प्लाष्ट्रिकको झोला प्रयोग गर्ने ब्यवसायिक फर्महरुलाई नगरपालिकावाट तोकिएको न्युनतम सरसफाई सेवा शुल्क दरका अतिरिक्त २५ प्रतिशत थप सेवा शुल्क वृद्धिगरि असूल गरिनेछ ।

९१.फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी गराउन, स्थानीय सरकार संन्चालन ऐन, २०७४ अनुसार वडा समितिलाई पूर्णरुपमा जिम्मेवारी दिइने छ । साथै नीजि

क्षेत्रसंग पनि सहकार्य र समन्वय गरि फोहर व्यवस्थापन गर्ने नीति लिइनेछ ।

९२.घरधुरीको सवै फोहर छुट्याई कुह्निे फोहरलाई मलका रुपमा प्रयोग गर्ने ५० घर धुरी भन्दा वढी सदस्य रहेको टोल विकास संस्थालाई वडा समितिको टोल क्षेत्रको सरसफाई अनुगमन तथा सिफारिसमा प्रतिवर्ष सरसफाई तथा हरियाली प्रवर्द्धन प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

९३.उपत्यका भित्रका सवै वडाहरुमा फोहर सेग्रीगेशन र प्लाष्ट्रिक झोला नियन्त्रणका अभियान तथा जनचेतनात्मक कार्यक्रम संचालनमा विभिन्न गैर सरकारी संघ संस्था तथा क्लवहरु परिचालन गरिनेछ ।

९४.वडा कार्यालयको समन्वयमा भान्साको फोहर घरमै ब्यवस्थापन गर्ने वजार क्षेत्रमा गृहिणी लक्षित कौशी खेती कार्यक्रम संचालन गरिनेछ ।

९५.प्रत्येक वडामा कुहिने फोहर र नकुहिने फोहर संकलन गर्ने गरि वडाकार्यालय र नीजि क्षेत्रसंगको समन्वयमा फोहर संकलन कार्यतालिका सार्वजनिक गर्दै समयमा फोहर संकलन नगर्ने र तोकिएको समय भन्दा अन्य समयमा फोहर निश्कासन गरी फाल्ने दुवैलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

९६.नीजि क्षेत्रसंगको सहकार्यमा सेग्रीकेसन गरिएका कुहिने फोहरवाट ग्यास तथा कम्पोष्ट प्लान्ट संचालन र नकुईने फोहरलाई नगरपालिकाको सेग्रीगेशन सेन्टरमा सेग्रीगेशन गरि सोको विक्री वितरण, नगर भित्रै पुन प्रयोग तथा चक्रियक्रणको संभावना खोजी गरिनेछ ।

९७.उपत्यका भित्रका वडाहरुमा एकरुपता कायम गरी फोहरमैला व्यवस्थापन गर्न नीजि क्षेत्रसग सहकार्य गर्दै सार्वजनिक नीजि साझेदारीको अवधारणा अघि बढाइने छ ।

९८.फोहर ब्यवस्थापनमा सलग्न युवा तथा पिछडिएका वर्गहरुलाई फोहरमैला व्यवस्थापनका श्रृजनशील क्षेत्रमा काम गर्न प्रेरित गर्दै फोहरमैला

व्यवस्थापनलाई आय आर्जनसंग जोड्न नीजि क्षेत्र, साझेदार संस्था लगायत, गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

९९.स्वास्थ्य संस्थाजन्य फोहरलाई व्यवस्थित गर्नका लागि गैर सरकारी संघ संस्था र नीजि क्षेत्रसंग सहकार्य गरी अगाडी बढाइनेछ ।ल्याण्डफील साईट प्रभावित क्षेत्रको वातावरण, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धनका लागि स्थानीयवासीसंगको सहकार्य गरी विभिन्न गतिविधिहरु संचालन गरिनेछ ।

१००. आगामी ५ वर्ष भित्र नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको पुर्ण सरसफाई उन्मुख, सफा र स्वच्छ तथा आधारभुत सुचक पुरा भएको वातावरण मैत्री नगर घोषणा निर्माणका लागि प्रत्येक वडाको भिन्न योजना बनाई अभियानकै रुपमा अगाडी वढ्न गैर सरकारी संघसस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

१०१. नगरपालिका र साझेदार संस्था लगायतका सहयोगमा निर्माण भएका स्मार्ट सार्वजनिक शौचालयहरुलाई सार्वजनिक नीजि साझेदारी अबधारणामा व्यवस्थित ढंगवाट संचालन गर्दै उपत्यका भित्रका अन्य महत्वपूर्ण स्थानहरुमा थप सार्वजनिक शौचालय निर्माणमा प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायहरुसग पहल गरिने छ ।

१०२. विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाईको गुणस्तर सुधार एवं प्रयोगकर्ता मैत्री संरचना निर्माण र ब्यवहार परिवर्तन ज्ञान सीप विकासमा गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

१०३. हाल संचालनमा आएको दिशाजन्य लेदो ब्यवस्थापन प्लान्ट ब्यवस्थित ढंगवाट सचालन गर्दै थप विस्तारका लागि दातृ निकायहरुसंग सहकार्य गर्ने । पालिकावाट स्वीकृत गरी दीशाजन्य लेदो ब्यवस्थापन मापदण्ड बमोजिम नीजिक्षेत्रसंग सहकार्य गरी प्रभावकारी सेवा प्रदान गरिनेछ । काम गर्ने जनशक्तिको क्षमता विकास र सुरक्षा मापनलाई अनिवार्य गराउन विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

१०४. नगरपालिकाको ल्याण्डफिल साइट गुरुयोजना बमोजिम निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

१०५. नगरभित्रका सार्वजनिक खोलाहरु सरसफाई तथा खोलाको दुबै किनारमा हरियाली प्रबर्द्धन गर्ने कार्य वडा समितिको नेतृत्वमा अभियानकै रुपमा अगाडि वढाइनेछ ।

१०६. समजीघाटमा व्यवस्थित गौशाला, शवदाह स्थल निर्माणका लागि योजना वनाई निर्माणका लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

१०७. वस्ती स्तरमा वंगुरपालनलाइ निषेध गर्न वंगुर पालन गर्दे आएका ब्यक्तिहरुलाई पेशा परिवर्तका लागि नगरपालिकावाट वित्तीय तथा प्राविधिक सहयोग गरिनेछ ।

१०८. फोहर ब्यवस्थापनमा संलग्न अभियन्ता, फोहर ब्यवस्थापनका लागि विश्वविद्यालय/ विद्यालयका विद्यार्थीहरु ,युवा क्लव र टोल विकास संस्थाहरुको परिचालन मार्फत व्यवस्थित परिचालन गरिनेछ । नगरको फोहरबाट बायोग्यास बनाउन वैकल्पिक उर्जा र केपी व्यवसायी र यस नगरपालका विच भएको सम्झौता लाई ग्यास उत्पादन तथा फोहरमैला व्यवस्थापनमा जोड दिइनेछ ।

**झ- वातावरण तथा विपद व्यवस्थापन**

१०९. प्रत्येक वडा र नगरमा रहेको विपद् व्यवस्थापन कोषलाई वृद्धि गर्दै सोको परिचालन कोष परिचालन विपद कोष परिचालन कार्यविधि बमोजिम गरी नगर भित्र हु ने विपद्का लागि तत्काल राहतको प्रवन्ध गर्ने ब्यवस्था मिलाईनेछ ।

११०. नगरपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजनामा कोभिड लगायतका महामारी विशेषलाई समेत समेटी अद्यावधिक गरिनेछ, विपदको समयमा प्रतिकार्य गर्न प्रतिकार्य टोली गठनगरी क्षमता विकास गर्न गैर सरकारी संघ सस्था र दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

१११. संभावित विपद्संग सामना गर्न आवश्यक औजार सहितको संयन्त्र निर्माण गर्नका साथै विभिन्न स्थानमा विपद्को पुर्वसूचना प्रणाली स्थापनाका लागि प्रदेश सरकार, तयार नेपाल लगायत सरोकारवाला संघ, सस्थासंग समन्वय गरिनेछ ।

११२. साझेदार निकाय लगायत सहयोगी संघ संस्थासंगको सहकार्यमा आपतकालीन केन्द्र संचालनमा ल्याइनुका साथै राहत सामग्री भण्डारण केन्द्र स्थापना गर्न प्रदेश सरकार लगायत सहयोगी निकायहरुसग पहल गरिनेछ ।

११३. नगरपालिका व्दारा गठित विभिन्न कार्यदलको क्षमता विकास गर्न, कार्यदलहरुको नमुना अभ्याश गर्न र थप अग्नी नियन्त्रण उपकरणका लागि संघ, प्रदेश सरकार र अन्य साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

११४. विपदका लागि उत्थानशील नगर निर्माणका लागि आवश्यक नीति तथा योजना निर्माण र विद्यालय, टोल, वडा तथा नगर तहका विपदसंग सम्वन्धित संरचनाहरुको कृयाशिलता वढाई यसमा सलग्न पदाधिकारी तथा स्वयंसेवकहरुको क्षमता विकासका काम गर्न साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

११५. पहाडी वडाहरुमा चट्याङ्गवाट वचाउन उपकरण राख्न तथा विपद् ब्यवस्थापनमा सहयोग पुग्ने उत्थानशील पुर्वाधार आयोजना निर्माणमा नगरपालिका र साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

११६. वीरेन्द्रनगर भित्र विभिन्न वडामा रहेका प्रमुख चोकहरुमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि जोखिम युक्त चोकहरु सडक मापदण्ड अनुसार क्लीयर गरि चोक सजावट र हरियाली प्रवर्द्धन समेत गरिने छ ।

**ञ- वातावरण संरक्षण, शहरी सौन्दर्यता**

११७. नगर भित्रका १० लाख भन्दा ठूला पूर्वाधार विकासका आयोजनामा कम्तिमा ३ प्रतिशत रकम वातावरण संक्षणमा योगदान पुग्ने कार्य अनिवार्य गराउने गरी आयोजनाको डिजाइन स्टमेट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

११८. काँक्रेबिहार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि काँक्रेबिहारलाई चिडिया खानाको रुपमा विकास गर्ने र सो क्षेत्रमा रहने बन्यजन्तु तथा चराचुरुङ्गीको बासस्थान र पानीको व्यवस्थापन गर्ने संघीय सरकार र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

११९. वीरेन्द्रनगर भित्र रहेका वनलाई आयमूलक वन वनाउन वन उपभोक्ता समितिलाई आवश्यक सहयोग एवं सहजीकरण गरिनेछ साथै वीरेन्द्रनगरको उत्तरी जलाधार संरक्षणका लागि प्रदेश सरकार र संघीय सरकारसंग पहल गरिनेछ । वीरेन्द्रनगरलाई हरित नगर (Green City) का रुपमा विकास गर्ने सडक छेउ वृक्षारोपण तथा एक घर दुई बिरुवा कार्यक्रम फुटपाथ व्यवस्थापन लाई निरन्तरता दिदै यसलाई अभियानकै रुपमा अघि लगिने छ ।

१२०. आकासे पानीको ब्यवस्थापनका लागि विभिन्न स्थानमा पानी पोखरी निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकार र दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

१२१. ग्रामीण वडाका सडकहरुमा फलफुल तथा बहु वर्षे डालेघांसवाट सडक सजावट गर्ने स्थानीय बासिलाई प्रेरित गरिनेछ ।

१२२. सडकमा छोडिएका पशु चौपाया नियन्त्रणका लागि निर्माणाधिन गौशालाको प्रभावकारी संचालन तथा ब्यवस्थापनमा धार्मीक, सामाजिक तथा गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१२३. विधुतीय चुलो, सौर्य ऊर्जा र वायो ग्यास विस्तारमा विशेष जोड दिइनुका साथै नगरका महत्वपूर्ण सडकका रुखहरुलाई छटान तथा सजावटका कार्य गर्दै सडक सौन्द्धर्य प्रर्वद्धन कार्य गरिनेछ ।

१२४. नगर भित्र लगाइएका विरुवाहरुको संरक्षण तथा गोडमेल गर्ने आवश्यक जनशक्तीको परिचालन तथा संरक्षणको जिम्मेवारी हस्तान्तरण गर्ने स्थानीय संघ संस्था तथा नीजि क्षेत्र संग सहकार्य गरिनेछ ।

१२५. ट्राफिक लाईटको लागि संभाब्यता अध्ययन गर्दे,सडक बत्ती लगायत शहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी, टोल विकास संस्था र नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

१२६. नगर क्षेत्रका सर्वजनिक स्थलहरु जस्तै खुल्ला चौर, खोला सडक र नालाको अवरोध हटाउने जस्ता कार्यहरुलाई विशेष सरसफाई कार्यक्रम संचालन गर्ने ।

**ट- भाषा कला साहीत्य तथा संस्कृती तर्फ**

१२७. नगर भित्र रहेका आदीवासी जनजातीहरुको भाषा सस्कृति जातजातिका संग्रहालयहरुको संरक्षणमा विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१२८. नगर भित्र रहेका विभिन्न सार्वजनिक मठ मन्दीर गुम्वा चैत्य मस्जित चर्चहरुको मर्मत सभार र संरक्षणमा जोड दिइनुका साथै स्थानिय लोक कलाको संरक्षण गर्न नगर भित्र रहेका पञ्चे बाजा, सारंगीको संवर्धन गर्दै वादन कला हस्तान्तरण तथा स्तरवृद्धिका कार्यक्रममा सहयोग गरिनेछ ।

१२९. कला साहित्य तथा संस्कृतिको प्रवर्द्धनमा विशेष योगदान पुग्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका गतिविधिहरुमा सहकार्य गर्दै स्थानीय स्तरका विभिन्न क्लब, प्रतिष्ठान, समूहहरुलाई प्रोत्साहन गरिने छ ।

**ट- शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१३०. वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने दूरदृष्टिका साथ १० बर्षे शिक्षा क्षेत्र योजना (ESP) स्वीकृत गरी आगामी आर्थिक बर्षदेखि उक्त योजनाका आधारमा शिक्षासम्बन्धी बजेट तथा कार्यक्रमहरु क्रमशः तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३१. वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा स्थायी बसोवास गर्ने लक्षित उमेर समूहका विद्यालय वा हिर रहेका बालबालिकाहररु लाई आधारभूत र माध्यमिक शिक्षामा पहुँच अभिबृद्धि गरी विद्यालयमा निरन्तरता दिन **म बनाउछु, मेरो नगरलाई**

**शैक्षिक हव कार्यक्रमलाई** शिक्षा विकास कोष खडा गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**१३२.** विपद् र संकटको समयमा बालबालिकाको सिकाइलाई सहज रुपमा निरन्तरता गर्न र अंग्रेजी, गणित तथा विज्ञान विषयमा रहेको शिक्षक अभावलाई पूर्ति गर्नका लागि स्थापित नगरपालिका स्तरीय सिकाई सहजीकरण केन्द्रलाई थप आधुनिक र प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**१३३.** शैक्षिक गुणस्तरको सुधार बाल विकास कक्षाबाट शुरु गरौं भन्ने आदर्श वाक्यका साथ प्रत्येक विद्यालयमा कम्तीमा एक विद्यालय, एक प्रारम्भिक बालविकास कक्षा प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने नीतिलाई लागू गरिनेछ । साथै वालविकास शिक्षकहरुलाई न्युनत्तम पारीश्रमिक र सरकारले घोषणा गरेको सुविधा सुनिश्चित गरिनेछ ।

**१३४.** विद्यालयको शैक्षिक र प्रशासनिक नेतृत्व निर्माण गर्नका लागि स्थायी शिक्षकहरुमध्येबाट योग्य र दक्ष शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यलाई कार्यविधि बनाई अगाडि बढाइनेछ ।

**१३५.** विद्यालय सुपरीवेक्षणलाई नतिजामूलक, आवश्यकता र मागमा आधारित बनाउनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नुका साथै विषयगत र समूह सुपरीवेक्षण गर्ने प्रणालीलाई अवलम्बन गरिनेछ ।

**१३६.** शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रदान गरिने सेवा प्रवाहलाई अनुमानयोग्य र जनमुखी बनाउन शाखाको प्रशासनिक व्यवस्थापनमा सुदृढीकरण गरिनेछ ।

**१३७.** विद्यालयहरुमा सुशासन अभिबृद्धि गर्नका लागि सामाजिक परीक्षण र लेखा परीक्षणजस्ता कार्यलाई प्रभावकारी बनाउन सहजीकरण गरिनेछ ।

१३८. संस्थागत विद्यालय, मन्टेश्वरी, ट्यूशन तथा कोचिङ सेन्टर आदिको नियमन गर्दै संस्थागत रुपमा सञ्चालन भएका विद्यालयहरुको मापदण्ड तयार गरी वर्गीकरण र स्तरीकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१३९. युवाको उमेर समूह (१६-४० बर्ष) को आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४०. समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता एवम् विपद् जस्ता समस्या वा जोखिम हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

१४१. वीरेन्द्रनगर स्थायी ठेगाना भई देशका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभाहरुलाई नगरपालिकाको तर्फ बाट सम्मान गरिनेछ ।

१४२. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको खेलकुद क्षेत्रमा विकास गर्नका लागि नगरपालिकामा सञ्चालित सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा क्रमशः खेलकुद प्रशिक्षकको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४३. वीरेन्द्रनगरमा स्थायी ठेगाना भई प्रदेश र राष्ट्रको खेल क्षेत्रको विकास र विस्तारमा योगदान पु¥याउने अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश र जिल्लास्तरका खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तितत्वहरूलाई निश्चित मापदण्डका आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

१४४. स्वास्थ्यका लागि खेलकुद भन्ने आदर्श वाक्यका साथ नगरपालिकास्तरमा राष्ट्रपति रनिङ्ग शील्ड तथा मेयर र उपमेयर कप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४५. सबै माध्यमिक विद्यालयहरुमा अनिवार्य रुपमा जुनियर रेडक्रस र नेपाल स्काउट

सम्बन्धी कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गरिनेछ युवाहरुलाई सद्मार्गमा लगाउन लागु औषध दुर्व्यसन हटाउन योग प्रणायम ध्यान आदिमा संलग्न गराइन्छ ।

१४६. हामी र हाम्रो वीरेन्द्रनगर नामको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यपुस्तक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । आफ्नो सेवा भित्र र वाहिरका विद्यार्थीहरु सेवा र अवसरमा सकरात्मक विभेद गर्न सकिने गरि कार्वान्यनमा ल्याइनेछ ।

१४७. नगर क्षेत्र भित्रको खेलकूदको विकास र विस्तार गर्नका लागि नगर खेलकूद समिती गठन गरि खेलकुद सम्वन्धि गतिविधिलाई व्यवस्थित गरिनेछ ।

१४८. नगरपालिका भित्र रहेका विद्यालयहरुलाई आवश्यकता र महत्वका आधारमा विद्यालयहरुलाई क्रमशः एकिकरण गरिदै लगिनेछ । शैक्षिक गुणस्तरियता कायम गर्नका लागि विद्यालयहरुमा शिक्षक र विद्यार्थीको अनुपातका आधारमा शिक्षक दरवन्दीलाई व्यवस्थापनमा जोड दिदै लगिनेछ ।

१४९. नियमित रुपमा विद्यालय सञ्चालन गर्नका लागि विद्यालयमा कुनै पनि वन्द हड्ताल चक्काजाम गरिने कार्यलाई निरुत्साहीत गरिनेछ सो को लागि विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरिनेछ ।

## ठ- सामाजिक सघसस्था तथा समावेशीकरण तर्फ

१५०. नगरपालिकाबाट सञ्चालन गरिने लक्षित वर्ग दलित, जनजाती, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक शसक्तिकरण कार्यक्रम का अतिरिक्त सीपविकास उद्धमशीलता र उत्पादनका क्षेत्रमा आवद्ध गरिनेछ ।

१५१. नगरपालिकालाइ कार्यक्षेत्र तोकेका गैससहरुको विषयगत वर्गीकरण गरि एकद्वार प्रर्णाली मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ । साथै गैससहरुलाइ योजना तर्जुमाको चरणमा समेत आवद्ध गरिनेछ ।

१५२. टोल विकास संस्थाहरुलाइ व्यवस्थित वनाउनका लागि टोल विकास सञ्चालन कार्यविधि अनुसार निर्माण र सामाजिक परिचालनको एउटा शसक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरि थप प्रभावकारीता ल्याइनेछ । टोल विकास संस्था हरुलाई merge गरिने र नियमित अद्यावधिक गरिने कार्यलाई अगाडि वढाइनेछ ।

१५३. हाल सञ्चालनमा रहेका स्थानीय विकास कोष र साझेदारी विकास कोषको रकमलाईको दायरालाई अंझ फराकिलो वनाई उद्योग व्यापार र व्यवसाय सञ्चालनमा आकर्षित गरिनेछ ।

१५४. सामाजिक कुरिती कुसंस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरि समतामुलक समाज निर्माण तर्फ उन्मुख गराइने छ ।

**ड- सार्वजनिक नीजि साझेदारी कार्यक्रम तर्फः**

१५५. सार्वजनिक नीजि साझेदारीको माध्यामबाट स्थानीय पूंजी परिचालनमा निजी क्षेत्रलाइ प्रोत्साहन गर्दै स्थानीय आयोजना बैंकबाट सार्वजनिक नीजि साझेदारीका आयोजना कार्यान्वयनमा प्राथामिकता दिइनुका साथै वित्तीय साक्षरता सम्वन्धि कार्यक्रमलाई जनताको पहूँच अभिवद्धिका लागि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ढ- भूमी व्यवस्थापन तर्फ**

१५६. भूमीहिन दलित भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको निवेदन संकलन गरिएको छ । हाल लगत प्रविष्टको काम नियमित रुपमा सञ्चालन भइरहेको छ । राष्टिय भूमी आयोगको समन्वयमा जग्गा नापजांच कार्य प्रारम्भ गरि जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने काम प्रारम्भ गरिनेछ ।

१५७. भू-उपयोग सम्वन्धि सम्वन्धि ऐनमा भएको प्रावधानलाई कार्यान्वयन गर्दै नगरपालिकाको जग्गा वर्गीकरण सम्वन्धि कार्यलाई अगाडी वढाइनेछ ।

**ण- महिला बालबालिका अपाङ्ग तथा जेष्ठ नागरिक तर्फः**

१५८. महिलाहरुको आवश्यकताका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै महिलाले आफ्नो सिप अनुसारको उत्पादन गरेको वस्तुलाई संकलन गरि वजारीकरण गरिनेछ **एक घर एक महिला स्वरोगगार विरेन्द्रनगरको विकास र समृद्धिको आधार** नीतिलाई कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

१५९. नगरपालिकाको छोरी जन्म वचत कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रमको प्रभावकारितालाई थप वृद्धि गर्नका लागी थप प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६०. बालमैत्री स्थानीय शासनका लागी कार्ययोजना बनाई सडक बालमुक्त नगर घोषणा र बालमैत्री स्थानीय शासन कार्यक्रमका लागी सरकारी तथा गैर सरकारी निकायहरुको समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६१. आर्थिक रुपमा विपन्न सामाजिक रुपले पछाडि परेका महिलाहरुलाई आर्थिक सशक्तिकरण र सामाजिकरण रुपान्तरण कार्यक्रमहरु सञ्चालनका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१६२. अपाङ्गता भएकाहरुका लागी सहायक सामाग्री उपलब्ध गराउने र क र ख वर्गको परिचय पत्र वितरण गर्दा लाभग्राहीको घरमै गएर परिचय पत्र वितरण गर्ने नीति लाई निरन्तरता प्रदान गर्ने नीति लिइनेछ।

१६३. अपांगता भएका नागरिकहरुका लागि सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

१६४. जेष्ठ नागरिकहरुका उत्थान र सम्मानका लागी विभिन्न स्थानहरुमा सञ्चालन हुदै आईरहेका दिवा सेवा केन्द्र जेष्ठ नागरिक मिलन केन्द्रहरुको स्थापना र परिचालनमा आवश्यक सहयोग गरिनेछ । जेष्ठ नागरिक हरुको ज्ञान सीप अनुभव र सिकाईलाई उपयोगमा समेत ल्याईनेछ ।

१६५. जेष्ठ नागरिहरुलाई प्रत्येक वडामा सरकारी तथा नीति अस्पतालसंगको समन्वय र सहकार्यमा बुवा आमा भेटघाट कार्यक्रम सञ्चालन गर्न सुगर तथा

प्रेसरको निशुल्क जांचको व्यवस्था सहित स्वास्थ्य शिविरको व्यववस्था गरिनेछ ।सोको लागि स्वास्थ्यको जनशक्तिलाई परिचालन गरिनेछ ।

१६६. लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरि सो नीतिलाई कार्यान्वयनमा ल्याईनेछ ।

**त- सार्वजनिक प्रशासन तथा सेवा प्रवाह**

१६७. नगरपालिकामा कार्यरत अन्य सेवा तर्फका सवै कर्मचारीहरुको एकिकृत कर्मचारी व्यक्तिगत विवरण प्रणाली PIS स्थापना गरि कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त वनाउनका लागि कर्मचारी संकेत नम्बर कायम गरि सो का आधारमा व्यक्तिगत विवरण अध्यावधिक गरिनेछ । अध्यावधिक विवरणका आधारमा कर्मचारीलाई थप जिम्मेवारी र अधिकार प्रत्यायोजनको कार्यलाई वैज्ञानिक र वस्तुगत मापदण्डमा आधारित बनाईनेछ ।

१६८. नगरपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीहरुलाई आफनो पेशागत मर्यादा र आचरण प्रदर्शनको आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ । सेवाग्राहीमैत्री सेवाप्रवाह विपरितका क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति लिईनेछ ।

कर्मचारीहरुको क्षमता विकासका लागी अध्ययन अवलोकन भ्रमणका माध्यमबाट सेवा प्रवाहमा नवीनता तथा नवप्रवर्द्धनशिल अभ्यास प्रचलनमा ल्याउनमा जोड दिइनेछ ।

१६९. सबै किसिममा कर्मचारी क्षमता विकासका तालिम कार्यक्रममा एकद्धार नीति लिई प्रचलित कानून र मापदण्डमा आधारित तालिम कार्यक्रम संचालन गरिनेछ । तालिममा स्थानीय लगायत राष्ट्रिय र अन्तराष्ट्रिय  विज्ञ सेवा लिदै प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ ।

१७०. वीरेन्द्रनगर नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि ठेक्का भई कन्ट्र्याक्टर समेत छनौट भई प्रशासनिक भवनको शिलान्यास समेत भई

सकेको अवस्थामा प्रशासनिक भवन निर्माणको कार्यलाई पूर्णता प्रदान गर्न र सेवा प्रवाहलाई सहज वनाउनका लागि विशेष पहल गरिनेछ ।

**१७१.** सबै शाखा तथा वडा कार्यालयबाट विद्युतिय पत्राचारलाई लागु गर्दै क्रमश विद्युतिय सुशासनको अवधारणा अनुसार कार्य अघि बढाइनेछ । कार्यालयका नियमित बैठक गोष्ठी तालिममा विशेषज्ञ सेवाको प्रयोग गर्न तथा भौगोलिक दुरी कम गर्दै लागत कटौती गर्नका लागि अनलाईन प्रणालीको क्रमश प्रयोगलाई बढाईनेछ ।

**१७२.** "मेरो कार्यालय, मेरो जिम्मेबारी "अभियान सञ्चालन गरी कार्यालय परिषर र कार्यकक्षको सरसफाइ, असल सिकाई आदान प्रदान मार्फत सममृद्ध वीरेन्द्रनगरको सपना साकार बनाउन कर्मचारीहरुको पेसागत समर्पण, अन्बेषण र महत्वपूर्ण योगदान प्रस्फोटन हुने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

**१७३.** हाम्रो नगर राम्रो नगर अभियान अन्तर्गत चौमासिक रुपमा नगरका गतिविधिहरु समावेश भएको बुलेटिन प्रकाशन, रेडीयो कार्यक्रम तथा टेलिभिजन कार्यक्रम उत्पादन गरि नागरिकको सूचनाको हकको प्रवर्द्धन गरिनेछ । साथै नगरपालिकाको आफ्नै अगग्लै युट्ब च्यानल स्थापना गरि महत्वपुर्ण गतिविधिहरुको प्रवर्द्धन गरिनेछ । नगरका गतिविधिहरु नियमित संचार माध्यमबाट प्रकाशन तथा प्रसारणको व्यस्थापनका लागि संचार क्षेत्र सहकार्य कार्यक्रम संचालन गरिनेछ ।

**१७४.** नगरपालिकाको कार्यबोझको आधारमा विज्ञ परामर्श सेवा मार्फत तत्काल नगरको संगठन विकास अध्ययन गरि प्रतिवेदन तयार गरि आवश्यक दरबन्दी सिर्जना गर्ने,कर्मचारीको पदपूर्ति गर्ने र कर्मचारीलाई निश्चित सूचकका आधारमा कार्य विवरण सहितको कार्य सम्पादन सम्झौता गरि कार्यान्वयन पक्षको मूल्यांकनका आधारमा पुरस्कार र दण्ड नीति अवलम्क्न गर्दै कार्य प्रति जवाफदेही बनाइनेछ ।कर्मचारी दरबन्दीका आधारमा नयाँ भर्ना, परामर्श सेवा खरिद लगायतको कार्यलाई व्यवस्थित गरिनेछ । प्रदेश लोक सेवा आयोग

सँगको परामर्शमा स्थानीय सेवा ऐनको संशोधन गरि कर्मचारीको वृत्ति विकासलाई  अघी बढाईनेछ ।

१७५. कार्यालयमा सिकाइ केन्द्रको संस्थागत विकास गरी सेवा प्रवाहमा नविनता सँगै जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न सूचना केन्द्र (लाईब्रेरी) स्थापना गरिनेछ ।

१७६. कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, भ्रमणलाई उपलब्धीमुलक हुने गरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ । साथै शाखागत, वडागत जिम्मेवारी बाडफाडलाई थप व्यवस्थित गरिनेछ । नगरका कर्मचारी एवं पदाधिकारी,उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१७७. नगरका विभिन्न बैठक तथा कार्यक्रमहरुमा अनावश्यक खर्च कटौतीको नीति अख्तियार गरि आर्थिक मितव्ययिता तथा खर्चमा एकरुपता ल्याईनेछ ।

१७८. हरेक वर्ष वैशाख २५ गते नगरपालिकाको स्थापना दिवसका अवसरमा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१७९. बजार क्षेत्र लगायत नगरका प्रमुख स्थानहरुमा सिसिटिभी क्यामराको विस्तार गरिनेछ । सवै वडामा छिटो छरितो शान्ति सूरक्षाको प्रत्याभूती नागरिकलाई गरांउन सवै वडामा प्रहरीको नियमित उपस्थितिका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ ।

१८०. नगरपालिकाको भवन निर्माण र आफ्नै भवन नभएका वडा कार्यालयका भवन निर्माण कार्यलाई प्राथमिकताका दिनेछ । प्रत्येक वडा कार्यालयहरुमा गुनासो सुनुवाई र सम्वोधनको संयन्त्र खडा गरिनेछ । सो का लागि नगर कार्यपालिकाको कार्यालयबाट टोल फ्री नम्बर स्थापना गरी गुनासो सुन्ने र सम्बोधन गर्ने कार्यको थालनी गरी क्रमशः नगरपालिका अन्तर्गतका सबै वडाहरुमा विस्तार गरिनेछ ।

१८१. जनतामा परिवर्तनको अनुभुति हुने गरि नगरपालिकाको संगठन संरचनालाई कार्यवोझका आधारमा परिमार्जन गर्दै, सेवा प्रवाहमा सुधार ल्याउन नागरिक सहायता कक्षको व्यवस्था मिलाउने, सेवाग्राही विश्राम स्थल, शुद्ध पिउने पानी, गुनासो सुनुवाई संयन्त्र निर्माण सहित प्रविधिमैत्री सेवामा जोड दिने ।

१८२. संचारकर्मीहरुको उत्प्रेरणा वृद्धि गर्न नगरपालिकाले आफ्नो नगर क्षेत्रमा क्रियाशील संचारकर्मीहरु नगद तथा प्रशंसापत्रबाट सम्मान तथा पुरस्कृत गरिनेछ ।

१८३. नगरपालिकाबाट प्रकाशन हुने लोककल्याणकारी सूचनाहरु स्थानीय संचारमाध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

१८४. नगरपालिकामा १५ वर्ष स्थायी सेवा अवधि पुरा गरि स्वास्थ्य समस्याका कारण नियमित सेवा प्रवाह गर्न कठिनाई भोगिरहेका नगरपालिकाका कर्मचारीहरुलाई ५ वर्षको सेवा अवधि थप गरि सेवाबाट निवृत्त हुन प्रोत्साहन गरिनेछ । साथै २५ वर्ष भन्दा बढि नगरपालिकाको सेवामा अविछिन्न करार सेवामा कार्यरत कर्मचारी स्वयंले चाहेमा सम्मानजनक विदाई गरिनेछ ।

१८५. संघीय सरकार र कर्णाली प्रदेश सरकारले निजामति कर्मचारीलाई दिने प्रोत्साहन सुविधामा नघट्ने गरी यस नगरका सवै कर्मचारीहरुलाई प्रोत्साहन सुविधा दिई कर्मचारिहरुलाई कार्यप्रति उत्प्रेरित गरिनेछ ।

१८६. नगरवासीको न्यायमा सहज पहुँच स्थापित गरिने छ । यसका लागि आर्थिक रुपले विपन्न तथा असहाय ब्यक्तिहरु, महिला, जेष्ठ नागरिक, अपांग लगायतलाई निःशूल्क कानूनी सहायताको ब्यवस्था गरीने छ ।

१८७. हरेक वडामा रहेका गरिव तथा जेहन्दार छात्राहरु मध्ये कानून विषयमा उच्च शिक्षा अध्ययनका लागि छोरी छात्रबृद्धि कार्यक्रम सञ्चालन गर्नका लागि कोष स्थापना गरिने छ ।

१८८. आर्थिक रुपमा कमजोर पिडित पक्षलाई नगरपालिकाको तर्फबाट निशुल्क कानुनी सेवा प्रदान गरिने छ । न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने

मुद्दाहरुमा कानून ब्यवसायीद्वारा मुद्दा दर्ता, बहस पैरवी लगायतको कानूनी उपचारको सुनिश्चितता गरिने छ ।

१८९. विपन्न वस्ती तथा वडाहरुमा न्यायीक समितिको कार्य सम्पादन सम्बन्धमा अनुशिक्षण गरि विपन्न वर्गलाई निशुल्क कानूनी उपचार प्राप्त गर्नको लागि उत्प्रेरित गरिने छ । न्यायीक समितिको कार्यसम्पादनमा विद्युतिय प्रणालीको विकास गरी शीघ्र न्याय सम्पादन गरिने छ ।

१९०. अन्तरपालिका तथा न्याय सम्पादनका सम्बद्ध निकायहरुसंग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरि न्यायिक समितिको कार्यसम्पादनलाई क्रमशः परिस्कृत गरिनेछ । नगरपालिकाका सूचिकृत मेलमिलापकर्ताहरु द्वारा वडा स्तरमा विवाद समाधानका लागि आवश्यक ब्यवस्था गरिने छ ।

१९१. नगरको सुशासन प्रवर्दन सुरक्षा लगायतका क्षेत्रमा काम गर्ने गरि नगर प्रहरी सेवा गठन गरि यथाशक्य पदपुर्ति गरिने छ ।

**थ- सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ**

१९२. ब्यक्तिगत घटना दर्ता समयमा नै गर्नका लागि प्रचार प्रसार तथा वडाहरुमा घटना दर्ता शिविर सञ्चालन, स्थानीय पञ्जीकाधिकारीहरुलाई अभिमुखिकरण, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अध्यावधिक, ब्यक्तिगत घटना दर्ताका हस्तलिखित रजिष्टरहरु डिजिटाइजेसन सम्वन्धि कार्यलाई निरन्तरता दिइने छ ।

१९३. हाल प्रदान गरिरहेको सामाजिक सुरक्षा भत्तालाई अझ वढि सहज वनाउनका लागि सम्वन्धित लाभग्राहीहरुको मागको आधारमा कम्तीमा अपाग र अशक्तहरुका लागि बैंक संगको समन्वयमा घर घरमा नै पुर्याइने नीति लाई प्राथामिकता दिइनेछ ।

**द- सूचना प्रविधि तर्फ**

१९४. सूचना व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नगरपालिका भित्र प्रयोग भएका सम्पुर्ण **software** को अनिवार्य रुपमा **Security Audit,** कर्मचारीका लागि **Digital Signature,** वडा तह सम्म **High bandwidth** को ईन्टरनेट व्यवस्था, नगरको केन्द्रमा **centralized server,** वडा कार्यालय, स्वास्थ्य चौकि तथा विधालय मा संचालन भएका **software** हरुको केन्द्रिकृत गरि **data** सुरक्षण तथा नियन्त्रण को व्यवस्था मिलाईने छ ।

१९५. हाल नगरपालिका भित्रमा ई हाजिरी व्यवस्थापन गरिएकोमा यसलाई विस्तार गरि वडा कार्यालय, स्वास्थ्य चौकि र सामुदायीक विधालयमा जडान गरी केन्द्रीकृत रुपमा नियमन गर्ने ब्यवस्था गरीने छ ।

१९६. विधालयमा **learning management system (LMS)** को अनिवार्य प्रयोग, नगर अस्पतालमा **HMS** को प्रयोग, भुक्तानी प्रणालीमा ई-भूक्तानी प्रणाली, कर संकलन लाई ब्यवस्थित गर्न को लागी अनलाईन बाट **payment** को ब्यवस्था, अत्यावश्यक अनलाइन सेवा आदिलाई प्रयोगमा ल्याई सुचना प्रविधिको नविनतम् विकासलाई यथासम्भव कार्यान्वयनको व्यवस्था मिलाईने छ ।

१९७. सुचना प्रणालि लाई ब्यवस्थित तथा छिटोछरीतो जनता सम्म सुचना को पहु च पुर्याउनको लागी **social media** को प्रयोगलाई बढावा दिईने छ साथै वेव साईटको नियमिति अपडेट गर्दै मासिक रुपमा आय व्यय सार्वजनिक गरिनेछ ।

१९८. एकिकृत सफ्टवयर प्रणालीको प्रयोगलाई वढावा गर्दै सम्पुर्ण शाखाको कार्यलाई अन्तर आवद्‌ध गरी समय समयमा नविनतम प्रविधको प्रयोग गरी परिमार्जन गर्दै लगीने छ भने विधालयमा ई लाईब्रेरीको विकास गर्न विभिन्न गैरसरकारी संघसंस्था तथा विकास साझेदारहरुसँग समन्वय गरिने छ ।

१९९. नगरपालिकावाट जडीत सिसि क्यामरा को मर्मत संभार तथा सूरक्षाको सुनिश्चत गर्दे क्यामराको विस्तारका लाग प्रदेश सरकार र नीजि क्षेत्र संग सहकार्य गरिनेछ ।

**न- स्वास्थ्य तर्फ**

२००. नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराउन जनस्वास्थ्यको संरक्षण, प्रवद्र्धन, प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुयाइने छ।

२०१. महिलाहरुका स्वास्थ्य समस्याहरुको पहिचान, निदान तथा उपचार गर्नका लागि नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु )**Uterine Prolepses, Obstetrics Fistula,VIA, PAP smear)** आदि र निशुल्क अप्रेशनको व्यवस्था मिलाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२०२. सबै स्वास्थ्य संस्थाहरुबाट दिइएको सेवालाई जवाफदेही बनाउन सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

२०३. स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

२०४. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, स्वास्थ्य संस्था अभियान शुरुगरि क्रमबद्ध रुपमा बिस्तार गरिने छ । कार्यसम्पादनका आधारमा स्वास्थ्य संस्थाहरु र स्वास्थ्य कर्मचारीहरुको मूल्यांकन गरी उच्च कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था र कर्मचारीलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

२०५. स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण, जुकाको औषधि वितरण, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय

स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

२०६. प्रसुती केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।

२०७. नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता,समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ । साथै यस वर्ष कम्तिमा २ वटा स्वास्थ्य संस्थाबाट **electronic health recording system (EHRS)** सेवा शुभारम्भ गर्दै लैजाने ।

२०८. स्वास्थ जीवनशैली विकासका लागि नगरले रणनीतिक स्थानहरु छनौट गरी खुला व्यायामशाला, योगा प्रणायाम कक्षाहरु संचालन गरिनेछ । योग शिक्षा सम्बन्धी जानकारीमुलक तथा सुचना सामाग्रीहरु प्रकाशन तथा प्रसारण गरिनेछ ।

२०९. उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न वडा स्तरका आधारभूत स्वास्थ्य संस्थाबाट ४० वर्ष माथिका नागरिकका लागि विशेष एकिकृत अभियान संचालन गरिने छ ।

२१०. प्रसूति केन्द्रहरूलाई रणनीतिक स्थानमा सञ्चालनका लागि मानवस्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसूति केन्द्रहरूमा आमाघर तथा स्तरअनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनेछ। बाल तथा मातृ शिशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपका अगाड वढाउनका लगी आमाको माया एप कार्यक्रमलाई गुणस्तरिय बनाई निरन्तरता दिईने।

२११. गर्भवति महिलाहरुलाई निःशुल्क भिडियो एक्सरे सेवा संचालनलाई निरन्तरता दिइने र अस्पतालहरुमा सेवा विस्तार गरी प्रभावकारी बनाउने तथा

गर्भवति महिलालाई प्रसुति सेवाको लागी निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने साथै घरमै गई उत्तर प्रसुति सेवा दिइने छ।

२१२. सरुवारोग, महामारी, प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य एवम् पुनःस्थापनाको एकिकृत रुपमा व्यवस्थापन गर्न बजेट विनियोजन गरिने छ ।

२१३. मर्यादित महिनावारी र सरसफाई लाई महिला मैत्रि र किशोरी मैत्री बनाई प्रभावकारी कार्यक्रम संचालन गर्न स्वास्थ्य संस्थाबाट र विद्यालयबाट निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

२१४. नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न माथिल्लो निकाए सँग समन्वय गरि थप विद्यालयहरुमा विद्यालय नर्सिङ सेवा तथा एक विद्यालय एक स्वास्थ्य कर्मि कार्यक्रम संचालन गरिने छ ।

२१५. गुणस्तरीय निदानात्मक स्वास्थ्य सेवा प्रवाहका लागी नगर भित्रका सबै स्वास्थ्य संस्थामा गुणस्तरीय E वर्गको ल्याव सेवाको विस्तार गर्ने नीति लिइने छ ।

२१६. महिला स्वयम सेविकाहरुको सम्मान गर्ने, हौसला बढाउन र निरन्तर प्रोत्साहन गर्ने कार्यक्रमहरु जस्तै स्वेच्छिक अवकाश हुदा नगरवाट प्रोत्साहन भत्ताको व्यवस्था तथा यातायातको सुविधाको व्यवस्थापन गराईने छ। साथै म स्वा स्व सेविका संजाल लाई व्यवस्थित बनाई लक्षित कार्यक्रम संचालन गरिने छ ।

२१७. स्वास्थ्य विमा बारे समुदायमा निरन्तर सचेतना कार्यक्रम सञ्चालन गर्ने र स्वास्थ्य विमामा नसमेटिएका वर्ग र समूहहरुको पहिचान गरी विमामा आवद्ध गराउने व्यवस्था मिलाइने छ।

२१८. नगरभित्रका स्वास्थ्य संस्था तथा खोपकेन्द्र ,गाउघर क्लिनिक लाई सुव्यवस्थित बनाई सेवालाई गुणस्तरीय बनाउन भौतिक पूर्वाधार, फर्निचर तथा आवश्यक औषधि उपकरण औजारको व्यवस्था मिलाइने छ । स्वास्थ्य

संस्थाबाट निशुल्क दिईने औषधि र आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन अटुट रुपमा मिलाउने छ ।

२१९. जेष्ठ नागरिक विपन्न नागरिकहरुको निशुल्क विमाको निशुल्क सेवा, जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्था मार्फत घरमै गई निशुल्क स्वास्थ्य परिक्षण, नगरभित्रका स्थायी वासिन्दाको आँखाको मोतिविन्दुको अपेरशन साथै थारु समुदायमा सिकलसेल एनिमिया रोगको परीक्षण तथा उपचार गर्ने थप प्रभावकारीता ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२०. यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम, कुपोषण पोशिलो खानाको प्रवर्धन, कुपोषित बालबालिकालाई सर्वोत्तम आहार, आयुवेर्दिक शिविर तथा जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।

२२१. यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेको नगर अस्पताललाई महिला तथा बाल अस्पतालको रुपमा सञ्चालन गरिनेछ । नगरपालिका अन्तर्गत टाढा भएका वडाहरुमा विशेषज्ञ सहितको स्वस्थ्य शिविर संचालन गर्ने ।

२२२. यस नगरपालिका अन्तरगत मापदण्ड अनुसार नभएका स्वास्थ्य संस्थाको प्रथमकता अनुसार भवन निर्माण गर्ने तथा पुराना संरचनाको मर्मत संभार फर्निचर र औजार उपकरणको व्यवस्था मिलाउने ।

२२३. स्वास्थ्य सेवालाई प्रभावकारी गराई नागरिकमा सामाजिक सुरक्षाको अनुभूति गराउन ज्येष्ठ नागरिक, अति विपन् नदीर्घ रोगीको यथार्थ विवरण लिई निश्चित मापदण्ड तयार गरि निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालनमा ल्याउने । साथै नगरक्षेत्रका जेष्ठ नागरिक तथा गर्भवती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु**

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमहरूको स्वीकृति र प्रभावकारी कार्यान्वयनका लागी यहाँहरुको रचनात्मक सल्लाह र सुझाँवको खाँचो सदैव रहने

नै छ । यस सभालाई गरिमामय र व्यवस्थित वनाउनको लागी भूमीका खेल्नुहुने वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु विषयगत समिति प्रति हार्दिक धन्यवाद दिन चाहान्छु । यस कार्यमा थप उर्जा प्रदान गर्नुहुने संघीय तथा प्रदेश संसदज्यूहरु, पूर्व नगर प्रमुख ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्युहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने सवै प्रति कृतज्ञता व्यक्त गर्दै प्रशासनिक रुपमा सहयोग पुर्याउनु हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखज्युहरु लगायतका अन्य सवै कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छ् ।

---------------धन्यवाद---------------

# आर्थिक वर्ष २०७९/०८०को

# बजेट वक्तव्य

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

असार, २०७९

वीरेन्द्रनगर नगरपालिकाको ११ औ नगरसभाकाको पहिलो वैठकमा
उप प्रमुख श्री निलकण्ठ खनालले
प्रस्तुत गर्नु भएको

**आर्थिक वर्ष २०७९/०८० को**
**बजेट वक्तव्य**

वीरेन्द्रनगर नगरपालिका
कर्णाली प्रदेश सुर्खेत, नेपाल
www.birendranagarmun.gov.np

## आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यूहरु

मुलक संघीय संरचनामा गए पश्चात सम्बत २०७९ साल बैशाख ३० गते स्थानीय तहको दोश्रो कार्यकालको लागि हामी निर्वाचित भएका छौं । स्थानीय तहमा नव निर्वाचित सम्पूर्ण नगर सभासदस्यज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछु । यस निर्वाचनलाई स्वच्छ निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक,राजनैतिक दल, निर्वाचन आयोग, सुरक्षा निकाय र राष्ट्रसेवक सबैलाई धन्यवाद दिन चाहन्छु ।

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको ११ औं यस गरिमामय नगरसभाको बैठकमा नगर उप प्रमुखको हैसियतले आ.ब २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

१. कोभिड १९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै नगरपालिकालाई समृद्ध गराउन र अर्थतन्त्रलाई गतिशील तुल्याउँदै पुनरुत्थान गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ म आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्यको विवरण सार्वजनिक गर्न उपस्थित भएको छु ।

२. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, नेपाल सरकारको पन्ध्रौं योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन नियम तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन लगाएतका कार्यविधिहरु, चुनावी घोषणापत्र र वीरेन्द्रनगर नगरपालिकाको नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु ।यस नगरको दीर्घकालीन सोंच "**शैक्षिक प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, समुन्नत वीरेन्द्रनगर**" बाट निर्देशित हुँदै जनप्रतिनिधि, वुद्धिजिवी, पेशाविद् र आम नगरवासीबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

**आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यूहरु**

**म आ.ब. २०७९/०८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**<u>आदरणीय अध्यक्षज्यू एवं सदस्यज्यूहरु</u>**

अव म नगरपालिकाको आ.व.२०७९/०८० का लागि राजश्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छुः

१. सीमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने यथार्थमा नगरपालिकालाई नेपाल सरकारवाट प्राप्त बजेट सिलिङ्ग, नगरको आन्तरिक आय समेतलाई आँकलन गरी उल्लेखित नीति तथा कार्यक्रमहरु प्राथामिकता आधारमा कार्यान्वयन गर्नका लागि आर्थिक वर्ष २०७९/०८० का लागि निम्नानुसार बजेट तर्जुमा गरिएको छ ।

**<u>बजेटको लक्ष्यः</u>**

२. शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर भन्ने सोचका साथ अघि बढी वीरेन्द्रनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनावद्ध शहरी सुविधायुक्त, लैगिक रुपमा महिला मैत्री, सामाजिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित शैक्षिक, प्रशासनिक र पर्यटकीय शहरको रुपमा निर्माण गर्दै कर्णाली प्रदेशको ब्यवस्थित राजधानीका रुपमा विकास गर्ने लक्ष्य लिईएको छ ।

**<u>बजेटका उद्देश्यहरुः</u>**

३. **<u>अब म आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्यहरु उल्लेख गर्न चाहन्छु M</u>**

- नगरवाट लगाइने कर तथा दस्तुरको दायरा फराकिलो पार्दै नगरको आन्तरिक आयमा वृद्धि गर्ने ।
- पूर्वाधारहरूको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवनयापन सहजता ल्याउने ।
- स्वच्छ खानेपानी तथा सरसफाईमा नगरबासीको सहज पहुँचमा वृद्धि गर्ने अल्पकालिन ब्यवस्थापन गर्दै दिर्घकालिन ब्यवस्थापनका लागि आधार तयार गर्ने ।

- कृषि तथा पशुपालन पेशा व्यवसायिक रोजगारमूलक तर्फ उन्मुख गराउनुका साथै देशमा उत्पन्न हुन सक्ने खाद्य संकट संग सामना गर्न सक्ने वनाउने ।
- नगरपालिकाको शैक्षिक योजना सहित प्रादेशिक शैक्षिक हबको गन्तब्य बन्ने आधार तयार गर्ने,
- गुणस्तरीय विद्यालय शिक्षामा सवै बाल बालिकाहरुको समतामुलक पहुंच सुनिश्चीत गर्ने ।
- यूवाहरुमा अनुशासन,सक्षमता स्वावलम्वनको विकास गर्न यूवा प्रतिभा पहिचान तथा प्रर्वद्धनका कार्य गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि र सुलभता ल्याउनुका साथै विभिन्न महामारीसंग सामना गर्न सक्ने स्वास्थ्य संस्था वनाउने ।
- विद्युतीय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु
- विपदजन्य जोखिम न्यूनिकणका लागि पूर्व तयारीमा रहने ,
- उद्यम व्यवसाय विकासमा महिलाहरुको अर्थपुर्ण सहभागितामा वृद्धि गरी आय आर्जनमा क्रियाशिल गराउनु,
- नगरको सौन्दर्य प्रवर्धनलाई प्राथमिकतामा राखी फोहरमैला व्यवस्थापनमा वैज्ञानिक व्यवस्थापनको शुरुवात गर्नु,
- संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम संचालन गर्ने ।

**सभाध्यक्ष ज्यू**

**माथि प्रस्तुत भएका उद्देश्यहरु पूरा गर्नका लागि देहाय बमोजमका क्षेत्रगत नीति अबलम्बन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।**

**क - राजश्व तथा वित्त व्यवस्थापन तर्फ**

१ आर्थिक वर्ष ०७८/०७९ का लागि स्वीकृत कर दस्तुरलाई वृद्धि नगरी सोहि दरलाई नै निरन्तरता दिंदै करदाता र करको दायरा विस्तारको नीति तथा करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवं सहुलियत दिने नीति लिईनेछ ।चालु

आ.ब.मा रु.२१ करोड ७५ लाख ४० हजार अनुमानित गरिएकोमा आगामी आर्थिक वर्ष २०७९/०८० कर प्रणालीमा सुधार गरी रु.२७ करोड संकलन गरिने लक्ष्य लिइएको छ ।

२ नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूचीभित्र पर्ने सम्पत्ति कर,भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडिबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किंङ शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हुने गरी कर संकलन कार्यलाई निरन्तरता दिईनेछ ।

३ नगरपालिका क्षेत्रभित्रका घरहरुको मापदण्ड तयार गरी न्यूनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर प्रचलित कानून अनुसार प्रत्येक वडा कार्यालयवाट कर संकलन गरिनेछ । यसरी संकलित घरवहाल करवाट प्राप्त रकमको १५ प्रतिशत रकम वडा कार्यालयलाई आवश्यक पूर्वाधार, सडक वत्ती, सरसफाई, विपद् व्यवस्थापन र अत्यावश्यक सार्वजनिक सेवा ब्यवस्थापन तथा राजस्व असुलीका कार्यक्रम संचालन गर्न वडा समितिवाट वनाएको कार्यक्रमका लागि उपलब्ध गराइने छ ।

४ ब्यापार व्यवसाय कर संकलनलाई प्रभावकारी वनाउन हालसम्म व्यवसाय कर नवुझाएका व्यवसायीलाई जरिवाना छुट दिदै कर असूली गर्ने र कर संकलनका लागि आवश्यकताका आधारमा सुर्खेत उद्योग वाणिज्य संघसंग साझेदारी गर्दै उठेको रकमको १५ प्रतिशत रकम व्यवसायिक सुरक्षा, कर संकलन तथा व्यवसाय प्रवर्द्धनका लागि प्रस्तावित कार्यक्रममा सहकार्य गरिनेछ ।

५ घर वहाल कर, व्यवसाय कर आदिको असुली दरमा प्रभावकारीता ल्याउन राजश्व संकलन सुधार कार्ययोजना अनुरुपका कार्यहरु गरिनेछ ।

६ कर संकलन कार्यलाई प्रविधिमैत्री बनाउँदै नगर तथा वडामा कार्यरत कर्मचारीहरुलाई विभिन्न क्षमता विकास तथा प्रविधिमैत्री तालिमहरु संचालन गरिनेछ ।

७ नगरको दिगो र व्यवस्थित विकासका लागि नगरको आवधिक योजना, योजना बैक तथा मध्यावधि खर्च संरचना (MTEF) वनाई आगामी आ..व. देखि यीनै दस्तावेजका आधारमा वजेट योजना तर्जुमाका कामहरु गर्ने व्यवस्था मिलाईनेछ ।

**ख. सडक तथा पूर्वाधार विकास तर्फ**

८ उपत्यकाको खानेपानी समस्यालाई दिगो समाधान गर्न भेरीको पानी लिफ्टिङ्ग आयोजना अगाडि वढाउन संघीय सरकार,प्रदेश सरकार र विकास साझेदारहरुसंगको सहकार्य गर्दै आवश्यक म्याचिङ फण्डको ब्यवस्था गरिनेछ । यसै आर्थिक वर्षदेखि पहुँच मार्ग निर्माण लगायत अति आवश्यक पूर्वाधारका कार्यका लागि रु ५० लाख विनियोजन गरिएको छ।

९ वीरेन्द्रनगर नगरपालिकाको खानेपानीको समस्यालाई तत्काल समाधान गर्न डिप बोरिङ, ओभरहेड ट्यांकी निर्माण र खानेपानी प्रणाली सुधारको लागि रु.१ करोड बजेट विनियोजन गरिएको छ ।

१० नगरपालिकाको राजमार्ग क्षेत्रमा विविध कारणले थुनिएका ढलहरु पूर्ववत् रुपमा सञ्चालनमा ल्याई धनजनको क्षति न्यूनीकरण गर्न अल्पकालीन तथा दीर्घकालीन नीति लिईने छ । हाल तत्काल समाधानको लागि रु. ४० लाख बजेट विनियोजन गरिएको छ ।

११ विश्व वैङ्क,संघीय खानेपानी विभाग,कर्णाली प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा निर्माण हुने भेरी लिफ्टिङ्ग खानेपानी आयोजना सञ्चालन गर्नका नीम्ति वीरेन्द्रनगर नगरपालिकाबाट गर्नुपर्ने लागत साझेदारी रकमको व्यवस्था मिलाईएको छ।

१२ धुलियाविटदेखि वाङ्गेसिमलसम्मको मुख्य सडकको उत्तर तर्फ वर्षायामको पानी निकास नहुने समस्याको दिगो समाधानका लागि आवश्यक अध्ययन गराई उचित निकासको संघ र प्रदेश सरकारसंग आवश्यक साझेदारी गरिनेछ ।

१३ मुख्य बजार सडकलाई व्यबस्थित र सुन्दर फुटपाथ सहितको सडक निर्माण गर्ने गरी निर्माण प्रकृयालाई निरन्तरता दिईनेछ ट्राफिक लाईट ब्यवस्थापन, सडक छेउमा हरियाली ब्यवस्थापनमा जेब्रा क्रसको लागि रु. १५ लाख ब्यवस्था गरिएको छ ।

१४ वीरेन्द्रनगर नगरपालिका वडा नं. १० र ७ मा निर्माणाधीन सामुदायिक गौशालालाई सरोकारवाला निकायहरुसंग समन्वय गरी थप संरचना निर्माण गरी छाडा पशुहरुको व्यवस्थापन तिब्ररुपमा अगाडि बढाईएको छ ।

१५ वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पूर्वाधार संरचनाहरु निर्माण दल गठन गरी सबै प्रकारका पूर्वाधार मर्मत गर्ने र सोही अनुसार नगरपालिका मार्फत निरन्तर रुपमा पूर्वाधार मर्मत सुधार गर्ने कार्यलाई अगाडि बढाईने छ । अति महत्वपूर्ण सडक तथा अन्य गौरवका योजना निर्माणका लागि रु. १ करोड विनियोजन गरिएको छ ।

१६ नगर क्षेत्रभित्र नीजि,सामुदायिक र सरकारी भवनहरुलाई नक्सापास गर्ने,भूकम्प प्रतिरोधी, सबैका लागि पहुँचयोग्य संरचना निर्माण तथा बस्तिलाई सुरक्षित तथा सुन्दर बनाउनका लागि भवन निर्माण संहितामा (**Buildings Bylaws**) आवश्यक संशोधन गरी थप प्रभावकारी रुपमा लागू गरिनेछ । भवन निर्माण संहितामा कार्यान्वयन हुनुपूर्व निर्माण भएका भूकम्पीय जोखिमयुक्त निजी तथा आवासीय भवनहरुलाई प्रबलीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१७ वीरेन्द्रनगर नगरपालिकाभित्र निर्माण हुने आवासीय क्षेत्रलाई थप सुन्दर,व्यवस्थित र नगरवासीलाई सहजताका लागि विभिन्न आवासीय भवनहरुको नमुना नक्साहरु वनाई प्रत्येक भवनहरुको अगाडिको भागको निर्माणमा एकरुपता ल्याउन रु. १० लाख बजेट ब्यवस्था गरिएको छ ।

१८ नगरक्षेत्र भित्रको फोहरमैलाको उचित ब्यबस्थापनका लागि ल्याण्डफिल्ड साईट निर्माणको स्वीकृत बिस्तृत आयोजना प्रतिबेदन **Detailed Project Report** अनुसार निर्माण कार्यलाई निरन्तरता दिईनुका साथै उक्त स्थानसम्म जाने पहुँच मार्गको लागि रु. ८० लाख बजेट विनियोजन गरिएको छ ।

१९ नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन गर्न विभिन्न विकास साझेदारहरुसंग साझेदारी गर्ने गरी नगरभित्रका मुख्य खोलाको नक्साङ्कन गरी (**Right of Way**) एकिन गरी खोला कोरिडोर निर्माणको लागि रु. ६० लाख बजेट विनियोजन गरिएको छ ।

२० वीरेन्द्रनगर सिटी वसपार्क विस्तार गरी चालु आर्थिक वर्षमा उक्त वसपार्कभित्र थप संरचनाहरु निर्माणका लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

२१ नगरपालिकाको बिभिन्न सडकहरुको खाल्डा खुल्डी र कल्भर्ट नियमित मर्मत सम्भार गर्नको लागि सडक सिघ्र मर्मत गर्न रु. ४० लाख विनियोजन गरिएको छ ।

२२ वीरेन्द्रनगर नगरपालिकाको प्रमुख प्रशासनिक भवनको लागि संघीय सरकारको साझेदारीमा यसै वर्षवाट निर्माण प्रारम्भ भएको छ ।यसका लागि साझेदारी सहित रु. २ करोड वजेट विनियोजन गरिएको छ ।

२३ वडा केन्द्रसम्म पक्की सडक पूर्वाधार निर्माण हुन बाँकी रहेका वडाहरुमा पक्की सडक निर्माण गरी बाह्रै महिना सवारी आवतजावत गर्न र वडासम्म पुग्ने बाटोहरुको स्तरोन्नति सहित पहुँच मार्गहरुको सुनिश्चितता गर्न रु. २५ लाख वजेट विनियोजन गरिएको छ ।

२४ वडा नं. १५ र १६ मा विद्युत नपुगेका वस्तीहरुमा विद्युतीकरणको कार्यक्रमलाई निरन्तरता दिइने छ । सो को लागि आगामी आ.ब. का लागि रु.१ करोड विनियोजन गरिएको छ ।

२५ फुटपाथ, साईकल लेन, सवारी पार्किङ्ग, रोडमा लाइनिङ्ग र ट्राफिक लाइट समेतको डिजाईन गरी नमुना सडक अवधारणालाई अगाडी वढाउन रु. १५ लाख वजेट विनियोजन गरिएको छ ।

२६ वढी सवारी चापहरु भएका मंगलगढी र एरिचोक जस्ता स्थानहरुमा आकाशे पुलको सम्भाव्यता अध्ययन गरिनेछ ।सोको लागि रु. १० लाख वजेट विनियोजन गरिएको छ ।

२७ नगरपालिकाको वडाहरुमा स्थानीय योजना तथा कार्यक्रमहरु संचालन गर्न नगरपालिकाका वडास्तरबाट हुने योजना कार्यान्वयनका लागि रु.२३ करोड ५० लाखका बजेट विनियोजन गरिएको छ ।

२८ नगरपालिका अन्तर्गतका आफ्नै भवन नभएका ४ वटा वडाहरुमा प्राथमिकताका आधारमा वडा कार्यालय भवन निर्माणको लागि रु. ८० लाख बजेट विनियोजन गरिएको छ ।

२९ नगरपालिका अन्तर्गत रहेका बजारहरुलाई व्यवस्थित गर्न सि.सि.टि.भि. क्यामरा मर्मत तथा थप जडानका लागि रु.१५ लाख बजेट विनियोजन गरिएको छ ।

३० राजमार्गमा सौर्य बत्ती जडान गर्ने कार्यक्रमलाई तिव्रता दिइने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**स्वास्थ्य क्षेत्र**

३१ स्वास्थ्य सेवालाई प्रभावकारी गराई नागरिकमा सामाजिक सुरक्षाको अनुभूति गराउन ज्येष्ठ नागरिक, अति विपन्न दीर्घ रोगीको यथार्थ विवरण लिई निश्चित मापदण्ड तयार गरि निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन ल्याउन र अति विपन्न, ज्येष्ठ नागरिक तथा विपन्नका लागि निःशुल्क स्वास्थ्य विमाका लागि रु. २० लाख वजेट विनियोजन गरिएको छ।

३२ नगरक्षेत्रका जेष्ठ नागरिक तथा गर्भवती महिलाका लागि निशुल्क एम्बुलेन्स तथा भिडियो एक्सरे सेवा संचालन गर्न आवश्यक वजेट विनियोजनको व्यवस्था मिलाइएको छ ।

३३ वीरेन्द्रनगर न.पा.को लाटीकोईली र कट्कुवा नगर अस्पतालको भवन निर्माण प्रकृया यही चालु आ.व.मा अगाडी वढाईएको छ। सो प्रयोजनका लागि रु. २ करोड वजेट विनियोजन गरिएको छ ।

३४ महिला स्वयम् सेविकाहरुले गरेको कामको उच्च मुल्याङ्कनका साथै आगामी दिनमा मनोबल उच्च बनाई आफ्नो काम प्रति पूर्ण बफादार गराउन संघीय र प्रदेश सरकारवाट प्राप्त वजेटका अतिरिक्त रु.२१ लाख वजेट विनियोजन गरिएको छ ।

३५ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत संचालनमा रहेका वर्थिङ्ग सेन्टरमा सुरक्षित प्रसुति सेवा लिने महिलाहरुको लागि गर्भवती जाँच उत्प्रेरणा, न्यानो झोला, आमा तथा नवजात शिशुको स्वास्थ्य सेवा संचालनका लागि आमाको एप र सुनौलो हजार दिनको आमाको पोषणको लागि रु. २५ बजेट विनियोजन गरिएको छ ।

३६ बर्थिङ्ग सेन्टरमा सुत्केरी हुन नसकी सुविधायुक्त अस्पतालमा प्रेषण गर्नु पर्ने जटिल प्रकृतिका गर्भवती आमाहरुलाई उद्धार गर्न आकस्मिक उद्धार कोष स्थापनाको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ ।

३७ स्वास्थ्य क्षेत्रमा सशर्त तर्फ रु. ५ करोड ७१ लाख र आन्तरिक श्रोततर्फ रु. १ करोड ७५ लाख गरी जम्मा रु ७ करोड ४६ लाख बजेट विनियोजन गरिएको छ ।

## शिक्षा

३८ वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने दूरदृष्टिका साथ १० बर्षे शिक्षा क्षेत्र योजना (ESP) स्वीकृत गरी आगामी आर्थिक बर्षदेखि उक्त योजनाका आधारमा शिक्षासम्बन्धी कार्यक्रम क्रमशः सञ्चालन गर्ने आवश्यक वजेट विनियोजन गरिएको छ ।

३९ **म बनाउछु, मेरो शैक्षिक हव** विकास कोष खडा गरी प्रभावकारी रुपमा शैक्षिक गतिविधि संचालन तथा कोष व्यवस्थापन गर्ने नगरपालिकाको तर्फवाट रु. १० लाखको शिक्षा विकास कोष स्थापना गर्नका लागि बजेट विनियोजन गरिएको छ ।

४० बालविकास शिक्षक, विद्यालय सहायक, सहयोगी र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको मनोबल उच्च बनाउँदै आफ्नो काम प्रति पूर्ण बफादार बनाई राख्न निजहरु खाइपाई आएको साविकको तलब मानमा बृद्धि गरी रु. १५ हजार पुर्‍याउने कार्यलाई निरन्तरता दिइएको छ । जसका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिएको छ ।

४१ सबै माध्यमिक विद्यालयहरुलाई इन्टरनेटको सुविधा प्रयोगलाई अनिवार्य गरिनेछ। विद्यालयमा उपयुक्त प्रविधिको माध्यबाट इन्टरनेट पहुँच विस्तारको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४२ नगर क्षेत्रमा रहेका विद्यालयका कच्ची र जीर्ण टिन विस्थापित गरी प्रदेश सरकारको साझेदारीमा प्राथमिकताको आधारमा विद्यालयको समेत छाना सुधार गर्न रु. ३५ लाख बजेट विनियोजन गरिएको छ ।

४३ **शिक्षामा क्षेत्रमा सशर्त ४० करोड ५८ लाख र आन्तरिक श्रोततर्फ ४ करोड ३३ लाख ५० हजार गरी जम्मा ४४ करोड ९१ लाख ५० हजार बजेट विनियोजन** गरिएको छ ।

**<u>लक्षित बर्ग कार्यक्रम, जनजाती, दलित,अपांग र ज्येष्ठ नागरिक   दलिततर्फ</u>**

४४ महिला तथा बालबालिका,आदिवासी, दलित, जनजाती,लैङ्गिक तथा घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई संरक्षण गर्न सेफ हाउस संचालन तथा व्यवस्थापन र सचेतीकरणका लागि रु. ३५ लाख बजेट विनियोजन गरिएको छ । स्थानीय प्रहरी प्रशासन लगायत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ।

४५ महिला स्वरोजगार तथा लक्षित लागि कार्यक्रमको लागि रु.७० लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

४६ जनजातिहरुले मौलिकरुपमा मनाउँदै आएका लोक सँस्कृतिको संरक्षण प्रवर्द्धनका लागि रु. २० लाख बजेट विनियोजन गरिएको छ ।

४७ दलित महिलाहरुले संचालन गरेको कृषि व्यवसायलाई प्रोत्साहनको लागि आय आर्जन कार्यक्रम, विपन्न सिमान्तकृत दलित वर्गको आयआर्जन सम्बन्धी सीप परिक्षण, दलित उद्यमीहरुले संचालन गरेका उद्योगहरुको संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम संचालन गर्न रु. २० लाख बजेट विनियोजन गरिएको छ ।

**४८** अपाङ्ग भएका व्यक्तिहरुको पहिचान, अपाङ्ग परिचय पत्र वितरण तथा अपाङ्गका लागि सहज जीवनयापन गर्न आवश्यक सहायता सामाग्री उपलब्ध गराउन रु. ५ लाख बजेट विनियोजन गरिएको छ ।

४९ सामाजिक सुरक्षा भत्ताबाट जीवन निर्वाह हुन नसक्ने वा धानिन नसक्ने अति विपन्न, सहारा विहिन स्वास्थ्य सुरक्षा विमामा आवद्ध गर्न प्रिमियम सहुँलियत वापत रु २० लाख बजेट विनियोजन गरिएको छ ।

५० जेष्ठ नागरिकसँग नगर प्रमुख संम्बाद कार्यक्रम संचालन,जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम र जेष्ठ नागरिकलाई नगरको नासो कार्यक्रम संचालन गरिनेछ सो को लागि रु. २५ लाख विनियोजन गरिएको छ।

**विभिन्न दिवशीय कार्यक्रम**

५१ लक्षित वर्गसँग सम्बन्धित विभिन्न एवंम् महत्वपूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवशहरुलाई प्रभावकारी रुपमा मनाउन आवश्यक बजेट विनियोजन गरिएको छ।

५२ वेसहारा, सडक वालवालिका, संरक्षण विहीन तथा सहयोगापेक्षी व्यक्तिहरुका लागि सहायता, संरक्षण तथा उपचार र विपन्न सिमान्तकृत समुदायको आय आर्जनका लागि आय आर्जन कार्यक्रम संचालन गर्न आवश्यक रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

**स्थानीय लोक संस्कृति कला साहित्य**

५३ परम्परा देखि स्थानीय रुपमा मनाउँदै आएका लोक सँस्कृतिको अडियो तथा भिडियो रेकडिङ्ग मार्फत जगेर्ना र लोक सँस्कृतिहरु मनाउँदा प्रयोग गरिने विभिन्न बाजाहरु खरिदका लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ ।

**युवा लक्षित**

५४ युवा भनेको परिवर्तनको संवाहक तथा उर्जाशिल शक्ति हो। आजको सन्दर्भमा समुदायमा युवा परिचालन गरी नगरको विकास गर्न अपरिहार्य रहेको छ । सो कुरालाई मध्यनजर गरी युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार, युवा महोत्सव र खेलकुद कार्यक्रम मार्फत युवालाई प्रोत्साहित गरी नगरको समग्र विकासमा युवा परिचालन गर्न रु १० लाख बजेट विनियोजन गरिएको छ।

**पोषण**

**५५** सुनौलो हजार दिनका आमा र बच्चाहरुको पोषणमा सुधार ल्याउन एवंम सचेतता फैलाउन, अति गरिव तथा विपन्न किशोर किशोरीहरुलाई लक्षित गरी कुपोषणबाट बचाउनका लागि पोषण सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्न रु ३५ लाख ८० हजार बजेट विनियोजन गरिएको छ ।

**कृषि तथा पशुविकास**

"**आली देखि थाली सम्म, गोठ देखि ओठ सम्म**" भन्ने मुल नारालाई आत्मसाथ गर्दै यस नगरको कृषि तथा पशु सेवा प्रवर्द्धनका कार्यक्रमहरु अगाडी वढाइएको छ ।

५६ मेयर संग कृषक महिला कार्यक्रम सञ्चालन गर्न कृषि पकेट क्षेत्र निर्धारण गरिएका वडाहरुमा करिव ३०० जना महिला कृषकहरुलाइ ५० प्रतिशत अनुदानमा पूँजी तथा

प्रविधि हस्तान्तरण लगायतका कार्यक्रम गरी महिलाहरुको आयआर्जनमा वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ यसको लागि रु. ८० लाख विनियोजन गरिएको छ ।

५७ कृषि नै हाम्रो सफलता र जीवन निर्वाहको प्रमुख आधारको रुपमा लिईएको छ। नगरपालिका क्षेत्रमा कम्तीमा ५ कट्ठा जग्गामा व्यवसायीक तरकारी खेती, फलफुल र उन्नत जातको बीउ विजन उब्जाउने कृषकलाई साझेदारी अनुदान/प्रोत्साहन दिने कार्यक्रम संचालन गरिने छ ।

५८ आधुनिक कृषि प्रणालीलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न कृषकको खेतबारीको माटो परिक्षण गरिने छ ।

५९ कृषि उत्पादन वृद्धि कृषि पूर्वाधार कार्यक्रम सञ्चालन गरिने छ र कृषि क्षेत्रको व्यवसायिकताको विकास गर्न कृषि उपजको लागि संकलन केन्द्र, कृषि हाटबजार सञ्चालन कृषिको व्यवसायीकरण, यान्त्रीकरण, बजारीकरण, प्रशोधन र ओद्योगीकरणका लागि आवश्यक ब्यवस्था गर्न विभिन्न निकायहरु संग सहकार्य गरिने छ ।सोको साझेदारीका लागि रु १५ लाख विनियोजन गरिएको छ ।

६० "पौरखी हातहरुलाई सरकारको साथ" नारालाई आत्मसात गर्दै सहकारी तथा समुहमा आवद्ध जीवन भर कृषि पेशा गरेका कृषकहरुले उत्पादन गरेको परिमाणको आधारमा विशेष प्रोत्साहन कार्यक्रम लागू गरिने छ ।

६१ कृषि व्यावसायलाई व्यावसायिक र मर्यादित पेशाको रुपमा अगाडी बढाउन पशु तथा वाली विमा कार्यक्रम संचालन गरिने छ ।

६२ "बाँझो जमिनको प्रयोग उत्पादनमा सहयोग" भन्ने सोँचका साथ बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

६३ कृषकहरुले उत्पादन गरेका कृषि उपज सहजरुपमा खरिद विक्रीका लागि तथा कृषि तथा पशुपालनमा देखिएको विचौलियाको अन्त गर्नका लागि उपयुक्त स्थानहरुमा पशु तथा तरकारी हाट वजार र कृषि सङ्कलन केन्द्र स्थापना गरिने छ, यसका लागि आवश्यकताका आधारमा तरकारी एम्वुलेन्सको व्यवस्था गरिनेछ ।

**कृषि तर्फ सशर्त १ करोड ५ लाख  र पालिकाको तर्फवाट १ करोड गरी जम्मा २ करोड ५ लाख बजेट विनियोजन गरिएको छ ।**

**पशु सेवा**

६४ पशुपन्छीको स्वास्थ्यका लागि बिभिन्न किसिमका औषधी उपचार सेवा ,पशु स्वास्थ्य शिविर ,महामारीजन्य रोग नियन्त्रण लगायत पशुपन्छी खोप सेवा कार्यक्रम सञ्चालन गर्ने, संघ तथा प्रदेश सरकारको सहयोग यसै आ.व.देखी विशेषज्ञ सहितको सेवा दिईनेछ सोको लागि आवश्यक व्यवस्था मिलाईएको छ ।

६५ पशु चौपायाहरुको अभिलेख ब्यवस्थापन तथा छाडा पशु निन्त्रणमा सघाउ पुर्याउन कर्णाली प्रदेश सरकारको समन्वयमा वीरेन्द्रनगर नगरपालिकको समजीघाट र कटकुवामा व्यवस्थित गौशाला निर्माण गरि संचालनमा ल्याईने छ सो  दिगो व्यवस्थापनको लागि रु २० लाख विनियोजन गरिएको छ ।

६६ गाईभैसी, भेडाबाख्रा, कुखुरा, माछा, मौरीपालक किसानहरु प्रोत्साहन गर्न "नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार" कार्यक्रम संचालनका लागि आवश्यक वजेट विनियोजन गरिएको छ। सम्भाव्यताको अध्ययन गरि नगरमा पशुसेवा अस्पताल संचालन गरिनेछ ।

**पशु सेवामा पालिकाको तर्फबाट ३५ लाख र सशर्त २८ लाख विनियोजन गरिएको छ ।**

**उद्योग**

६७ स्थानीय सरकारले 'उद्यमशीलता, रोजगारी र उत्पादन बृद्धि : हुन्छ वीरेन्द्रनगरको समृद्धि' नीति अवलम्वन गरी उपलब्ध स्रोत साधन, पुँजी सीप एंव प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ त्यसका लागि रु २५ लाख रकम विनियोजन गरिएको छ ।

**सहकारी तर्फ**

६८ स्थानीयस्तरमा रहेको पूँजी, प्रविधि, ज्ञान र सीपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा ब्यवसाय र आय-आर्जनमा जोडिने छ ।

वीरेन्द्रनगर नगपालिका भित्रका महिला तथा विपन्न वर्गहरुको आयवृद्धि गर्ने सहकारी तथा समुहहरु मार्फत आयआर्जन गर्ने  रू २५ लाख बजेट विनियोजन गरिएको छ ।

**<u>भूमी तथा सार्वजनिक जग्गाको संरक्षण तर्फ</u>**

६९ वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा परम्परागत कुलो, नहर, वाटो र सार्वजनिक महत्वको क्षेत्र पहिचान गरी अतिक्रमण रोक्नुका साथै सुर्खेत उपत्यका नगरविकास समिति लगायत अन्य सार्वजनिक सरकारी जग्गाको खोजवीन गर्ने, लगत लिने र सोको हालको अवस्थाको समेत वस्तुगत र यथार्त विवरण तयार गरि सवैले देख्ने गरि सूचना वोर्ड राखी संरक्षण गर्ने प्रयोजनको निम्ति रु १० लाख बजेट विनियोजन गरिएको छ ।

७० भूमीहिन दलित भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको निवेदन संकलन गरिएको छ । राष्ट्रिय भूमी आयोगको कार्य प्रारम्भ गरि जग्गा धनी प्रमाणपत्र उपलब्ध गराउने कार्य अगाडि वढाइनेछ । सो को लागी रु २० लाख रकम विनियोजन गरिएको छ ।

**<u>पर्यटन क्षेत्र विकास तर्फ</u>**

७१ लामो समय देखी वन्द रहेको घण्टाघरको सुई लगायत वाहिरी क्षेत्रको सौन्दर्यकरण गरि व्यवस्थित गरिनेछ । घण्टाघर व्यवस्थापनका लागि रु २५ लाख वजेट विनियोजन गरिएको छ ।

७२ यस नगरपालिकाको क्षेत्र भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनका लागि विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरिने र वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र काक्रेविहार, देउतीवजै, बुलवुलताल, शहिद पार्क, जस्ता महत्वपूर्ण पर्यटन क्षेत्रहरु नगरपालिकाको संरक्षकत्वमा राखी यी पार्क धार्मिक स्थलवाट हुने आम्दानीलाई ब्यवस्थित गर्दै सोही क्षेत्रको प्रवर्द्धनमा खर्च गरिने छ ।

७३ गढी छेडा देखि गढी भ्यू पोइन्टसम्मको सडकमा एकै प्रकृतिका परम्परागत शैली झल्कने घर निर्माण तथा गुराँस फूल विरुवा सहित सडक सजावटको मापदण्ड वनाई लागु गरिनेछ । गढी क्षेत्रलाई प्रर्यटन क्षेत्रको रुपमा घोषणा गरिनेछ । काक्रेविहार र गढीको पर्यटन पूर्वाधार अध्ययन तथा विकासका लागि रु २० लाख वजेट विनियोजन गरिएको छ ।

७४ नगर भित्र रहेका पर्यटकीय तथा दर्शनीय स्थलहरुको भौतिक सुधार गर्दै वीरेन्द्रनगर भित्रका गरगरे जर्वुटा लगायतका अन्य थप क्षेत्रहरुको पहिचान गरी कम्तीमा एक दिनको

पर्यटन यात्राको रुट नेटवर्किङ योजना गराई विकास गर्न आवश्यक सहकार्य गरिनेछ । सोको लागि रु २० लाख विनियोजन गरिएको छ ।

७५ कांक्रेविहार, निकास खोला र गढी क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरि शहिदपार्क देखि सिद्धपाइलासम्म केवुलकार जीपलाइन वन्जीजम्पिंङ्ग जस्ता साहसीक खेलको सम्भाव्यता अध्ययन गरिनेछ । सोको सम्भाव्यता अध्ययनका लागि रु २० लाख वजेट विनियोजन गरिएको छ ।

७६ नगर क्षेत्र भित्र रहेका महत्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक स्थलहरुको उचित संरक्षण पवर्द्धन र जिर्णोद्धार गरी यसको ब्यवस्थापन गर्न रु २८ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

**<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>**

७७ प्रत्येक वडा र नगरमा रहेको विपद् व्यवस्थापन कोषलाई वृद्धि गर्दै सोको परिचालन कोष परिचालन विपद् कोष परिचालन कार्यविधि बमोजिम गरी नगर भित्र हुने विपद्का लागि तत्काल राहतको प्रवन्ध गर्न रु. २० लाख विनियोजन गरिएको छ ।

७८ संभावित विपदसंग सामना गर्न आवश्यक औजार सहितको संयन्त्र निर्माण गर्नका साथै विभिन्न स्थानमा विपद्को पुर्वसूचना प्रणाली स्थापनाका लागि प्रदेश सरकार लगायत सरोकारवाला संघ, सस्थासंग समन्वय गर्न बजेट ब्यवस्था गरिएको छ ।

७९ वीरेन्द्रनगर भित्र विभिन्न वडामा रहेका प्रमुख चोकहरुमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि जोखिम युक्त चोकहरु सडक मापदण्ड अनुसार क्लीयर गरि चोक सजावट र हरियाली प्रवर्द्धन गर्न आवश्यक बजेट ब्यवस्था गरिएको छ ।

८० हाम्रो फोहर हाम्रो ब्यवस्थापनलाई आत्मसाथ गर्दै नगरको फोहर ब्यवस्थापनमा रहेको मुख्य चुनौतिको रुपमा रहेको प्लाष्ट्रिक झोलाको प्रयोगमा निरुत्साहीत गर्न, फोहरलाई फोहर एवं समस्याको रुपमा नहेरी मोहर एवं सम्भावनाका रुपमा हेरी यसको ब्यवस्थापन गर्न ५० लाख विनियोजन गरिएको छ ।

८१ नगरको वातावरण संरक्षण र हरियाली पवर्द्धन कार्यलाई अभियानकै रुपमा लैजान रु.२५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

८२ नगरमा देखिएको छाडा पशु निराकरण गर्ने प्रदेश सरकारसंग सहकार्य गर्ने गरी रु. ४८ लाख बजेट विनियोजन गरिएको छ ।

८३ बढदो शहरीकरणलाई ब्यवस्थित गर्दै नगरको शहरी सौन्दर्य र वातावरणीय स्वच्छतामा टेवा पुऱ्याउन एक वडा एक खुल्ला पार्क तथा जग्गाको उपलव्धताको आधारमा एक वडा एक खेल मैदान निर्माण गर्न रु.३० लाख विनियोजन गरिएको छ ।

८४ नगरको फोहर ब्यवस्थापन स्थल पहुँचमार्गलाई सुदृढ गर्दै ब्यवस्थित ल्याण्डफील साईट बनाउन विभिन्न साझेदार निकायहरुसंग सहकार्य गर्न विनियोजन गरिएको छ ।

८५ ल्याण्डफील साईट प्रभावित क्षेत्रको वातावरण, सरसफाई तथा स्वास्थ्य प्रवर्धनका लागि स्थानीय वासीसंगको सहकार्य गरी विभिन्न गतिविधिहरु संचालन गर्ने रु.१२ लाख विनियोजन गरिएको छ ।

८६ शहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी, टोल विकास संस्था र नीजि क्षेत्रसंग सहकार्य गर्ने गरी उचित बजेट ब्यवस्था गरिएको छ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास

८७ न्यायिक समितिको क्षमता अभिवृद्धि, नगरपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निशुल्क कानूनी सेवा प्रदान, जनप्रतिनिधि, समूदायका अगुवा तथा मेलमिलापकर्ताहरुलाई कानूनी साक्षरता सम्बन्धि अभिमुखीकरण तथा नगरपालिकाको कानून निर्माणमा प्रक्रियामा सरोकारवाला व्यक्ति वा निकायसँग अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्न रु. ७ लाख बजेट विनियोजन गरिएको छ ।

८८ वीरेन्द्रनगर नगरपालिकाको पहिचान सहितको प्रोफायल तयार गर्ने प्रयोजनका लागि सूचना संकलन गर्न र हालसम्म भएका महत्वपूर्ण भौतिक, सामाजिक, आर्थिक, साँस्कृतिक एवंम मानव विकास सूचाकाङ्क समिटिएको डकुमेन्ट्रि तयार गरी प्रशारण गर्न रु २० लाख बजेट विनियोजन गरिएको छ ।

८९ नगरपालिकाबाट सम्पादित विकास, सार्वजनिक सेवाप्रवाह, सुशासन प्रवर्द्धन विषयमा सेवाग्राही सन्तुष्टीमापन, सार्वजनिक सूचना केन्द्रको स्थापना र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

९० कार्यालयको सेवा प्रवाह प्रभावकारी बनाउनको लागि डिजिटल हाजिरी अनिवार्य गराई वडा र सेवाकेन्द्रसम्म विस्तार गर्नेगरी आवश्यक बजेट विनयोजन गरिएको छ ।

<u>सञ्चार र मिडिया</u>

९१ नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, योजना तर्जुमा, सामाजिक सचेतना तथा गतिविधि लगायतका विषयमा कलम चलाउने विभिन्न क्षेत्रका संचारकर्मीहरुको व्यवसायिक हीत, पेशामा दिगोपना र क्षमता अभिवृद्धि लगायतका सञ्चार सम्बन्धि कार्यक्रम सञ्चालन गर्न रु.१५ लाख बजेट विनियोजन गरिएको छ ।

<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा</u>

९२ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित्त गर्दै वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा अभिमुखीकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ ६४ लाख ३५ हजार बजेट विनियोजन गरिएको छ ।**

**आदरणीय नगर सभाका सभा अध्यक्षज्यू**

अव म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयको लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९३ आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत निम्न अनुसार रेहको छ ।

१. संघीय वित्तीय सामानीकरण अनुदान रु २६ करोड ५७ लाख,

२. संघीय सर्शत अनुदान रु ५४ करोड ६५ लाख

३. संघीय राजश्व बाँडफाँड रु १८ करोड ३३ लाख, २२ हजार

४. प्रदेश समानीकरण अनुदान रु २ करोड ९३ लाख १२ हजार,

५. प्रदेश राजश्वव वाँडफाँड रु ३० लाख ३३ हजार, ९६७

६. प्रदेश सर्शत अनुदान रु २० करोड ४४ लाख ७२ हजार,

७. नगरपालिकाको आन्तरिक आय रु २७ करोड ५ लाख

८. आव २०७८/०७९ को खर्च नभई मौज्दात रहने रकम बाट रु ४ करोड ४९ लाख ७२ हजार रुपैयाँ

९. सामाजिक सुरक्षा अनुदान ३५ करोड

१०. गरिवसंग विश्वेश्वर ४ लाख ६४ हजार

११. संघीय शशर्त पूँजीगत अनुदान ३ करोड रुपैयाँ

१२. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम ३८ लाख ३६ हजार ५ सय

गरी **कुल बजेट १ अर्ब ९४ करोड ११ लाख १२ हजार ५ सय मात्र** आगामी आ.ब.का लागि प्रस्ताव गरिएको छ ।

*सभाध्यक्ष एवंम नगर सभा सदस्यज्यूहरु,*

अब म बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरे बमोजिम विषयगत क्षेत्रतर्फ विनियोजित बजेट संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षमा **संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने शसर्त तर्फका कार्यक्रम बाहेक**को नगरकार्यपालिकाको विनियोजित बजेट मध्ये पूँजीगत तर्फको बजेटबाट

**सामाजिक विकास**

रु ११,२९,४०,००० (एघार करोड उनान्तीस लाख चालीस हजार रुपैया मात्र )

**पूर्वाधार विकास**

रु २७,६७,००,००० (सत्ताईस करोड सतसठ्ठी लाख रुपैया मात्र )

**वातावरण तथा विपद् व्यवस्थापन**

रु २,५२,००,०००(दुई करोड बाउन्न लाख रुपैया मात्र )

**आर्थिक विकास**

रु ६,१५,००,००० (छ करोड पन्ध्र लाख रुपैया मात्र )

**सार्वजनिक सेवा तथा सुशासन**

३,२४,००,००० (तीन करोड चौबिस लाख रुपैया मात्र )

विनियोजन गरिएको छ । जसको विस्तृत विवरण अनुसुची २ बमोजिम रहेको छ ।

साथै कुल बजेटको चालू , पूँजीगत तथा वित्तीय व्यवस्था तर्फ देहाय बमोजिम व्यवस्था गरेको छ ।

| **क्षेत्र** | **बजेट रकममा रु** | **प्रतिशत** |
|---|---|---|
| चालू | १,३७,३५,७६,०००<br>(एक अर्ब सैतीस करोड पैतीस लाख छयात्तर हजार) | ७०.७६ |
| पूँजीगत | ५३,५५,३६,५००<br>(त्रिपन्न करोड पचपन्न लाख छत्तीस हजार पाँच सय) | २७.५९ |

| | | |
|---|---|---|
| वित्तीय ब्यवस्था | ३,२०,००,००० (तीन करोड बीस लाख मात्र) | १.६५ |
| **जम्मा** | १,९४,११,१२,५०० (एक अर्ब चौरानब्बे करोड एघार लाख बाह्र हजार पाँच सय मात्र) | १००.०० |

**आदरणीय नगर सभाका सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यू**

यस बजेटको कार्यान्वयनबाट विगतको अथक प्रयासबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै, सबै नगरबासीका लागि अति आवश्यक पूर्वाधार निर्माण, सामाजिक न्याय, आधारभुत शिक्षा एवं स्वास्थ्य सेवामा पहुँच लगायत नगरको सबै क्षेत्रको दिगो एवंम सन्तुलित विकासमा टेवा पुग्ने विश्वास लिएको छु ।

अन्तमा,

बजेट कार्यान्वयनमा सबै राजनीतिक दल, जनप्रतिनिधि निजी व्यावसायिक क्षेत्र, संघ संस्था एवं नगरबासी सम्पूर्ण दिदी बहिनी, दाजुभाईहरुबाट सहयोग हुने अपेक्षा लिएको छु । बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सबै राजनैतिक दल, जनप्रतिनिधि, निजी व्यावसायिक क्षेत्र, संघ संस्था सम्पूर्ण नगरवासी दाजुभाई दिदी बहिनी, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण कर्मचारी साथीहरु लगायत पत्रकार जगत सवैलाई हार्दिक धन्यबाद व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सबैबाट सहयोग हुने अपेक्षा लिएको छु ।

धन्यवाद ।।

मितिः २०७९/०३/१० गते विहिवार

निलकण्ठ खनाल
उप-प्रमुख

# अनुसूची २

## वीरेन्द्रनगर नगरपालिका,सुर्खेत

## आ व ७९।८० को क्षेत्र उप क्षेत्रगत विनियोजन अनुमान

| सि.नं. | क्षेत्र/उप क्षेत्र | प्रस्तावित आ व २०७९।८० | | | उप क्षेत्र |
|---|---|---|---|---|---|
| सामाजिक विकास तर्फ | | कूल बजेट | चालू | पूजीगत | |
| १ | नगर शिक्षा प्रवर्धन ** | ३०००० | ३०००० | | शिक्षा |
| २ | नगर शिक्षा विशेष | १३३५० | ९३५० | ४००० | शिक्षा |
| क | नगरस्तरीय शैक्षिक सम्वाद समिति गठन गर्ने | ५० | ५० | | शिक्षा |
| ख | विद्यालयहरुको जीर्ण टिनको छानामुक्त अभियान र रंगरोगन | ३००० | | ३००० | शिक्षा |
| ग | विद्यार्थी चाप भएका विद्यालयलाई अनुपातको आधारमा एकमुष्ट अनुदान | ७००० | ७००० | | शिक्षा |
| घ | विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलमैदान निर्माण | १००० | | १००० | शिक्षा |
| ङ | नगरस्तरीय पुस्तकालय निर्माण | ३०० | ३०० | | शिक्षा |
| च | विद्यालयका भवनहरु रंरोगन, फर्निचर व्यवस्थापन तथा पानी बत्ती र ईन्टरनेट ब्यवस्थापन | २००० | २००० | | शिक्षा |
| | जम्मा | ४३३५० | ३९३५० | ४००० | |
| ३ | जनस्वास्थ्य प्रवर्धन ** | १२५०० | १२५०० | | स्वास्थ्य तथा पोषण |
| ४ | नगर स्वास्थ्य विशेष | ७५०० | ६५०० | १००० | स्वास्थ्य तथा पोषण |
| क | नगर अस्पताल संचालन | ५००० | ५००० | | स्वास्थ्य तथा पोषण |
| ख | विमा कार्यक्रम (जेष्ट नागरिक र विपन्न वर्ग) | १००० | १००० | | स्वास्थ्य तथा पोषण |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | स्वास्थ्य केन्द्रको पूर्वाधार एवं गुणस्तर सुधार | १००० | | १००० | स्वास्थ्य तथा पोषण |
| घ | स्वास्थ्य केन्द्र ल्याव ब्यवस्थापन वडा नं ८ र १२ | ५०० | ५०० | | स्वास्थ्य तथा पोषण |
| | **जम्मा** | **२००००** | **१९०००** | **१०००** | |
| ५ | महिला बाल बालिका लक्षित कार्यक्रम ** | **२०००** | २००० | | महिला बाल तथा समावेशी |
| ६ | महिला बाल बालिका तथा समावेशी विशेष | **१०८००** | **१०८००** | **०** | महिला बाल तथा समावेशी |
| क | बालबिवाह मुक्त बाल श्रम मुक्त नगर घोषणा | २०० | २०० | | महिला बाल तथा समावेशी |
| ख | जेष्ट नागरिक देश दर्शन कार्यक्रम | ५०० | ५०० | | महिला बाल तथा समावेशी |
| ग | महिला जनप्रतिनिधिहरुलाई क्षमता विकास कार्यक्रम सहकार्यमा | ३०० | ३०० | | महिला बाल तथा समावेशी |
| घ | प्रदेश महिला अनुभव आदान प्रदान सम्मेलन | १००० | १००० | | महिला बाल तथा समावेशी |
| ङ | सेफ हाउस ब्यवस्थापन तथा संचालन | ३००० | ३००० | | महिला बाल तथा समावेशी |
| | लैङ्गिक अल्पसंख्यक विशेष कार्यक्रम | ३०० | ३०० | | महिला बाल तथा समावेशी |
| च | आदिवासी जनजाती लक्षित कार्यक्रम ** | २००० | २००० | | महिला बाल तथा समावेशी |
| छ | दलित लक्षित कार्यक्रम ** | २००० | २००० | | महिला बाल तथा समावेशी |

| | | | | | |
|---|---|---|---|---|---|
| ज | लोपोन्मुख कार्यक्रम ** | ५०० | ५०० | | महिला बाल तथा समावेशी |
| झ | लागु ओषध नियन्त्रण दुर्व्यसनि असहाय र सडक बालबालिका ** | ५०० | ५०० | | महिला बाल तथा समावेशी |
| ञ | टोल विकास संस्था क्षमता विकास | ५०० | ५०० | | महिला बाल तथा समावेशी |
| | **कूल जम्मा** | **१२८००** | **१२८००** | **०** | |
| ७ | **यूवा खेलकूद प्रवर्धन** ** | १५९० | १५९० | | यूवा खेलकूद |
| क | खेल प्रवर्धन र युवा सचेतना कार्यक्रम | १००० | १००० | | यूवा खेलकूद |
| | **कूल जम्मा** | **२५९०** | **२५९०** | **०** | |
| ८ | **खानेपानी तथा सरसफाई** | १०५०० | ५०० | १०००० | |
| क | नगरक्षेत्रको खानेपानी अल्पकालिन व्यवस्थापन | १०००० | | १०००० | खानेपानी तथा सरसफाई |
| ख | सरसफाई तथा स्वच्छता कार्यक्रम (पूर्ण सरसफाई वडा घोषणा सहकार्य) | ५०० | ५०० | | खानेपानी तथा सरसफाई |
| ९ | धर्म कला संस्कृति | **१७००** | **१७००** | **०** | |
| क | धार्मिक प्रर्वर्धन तथा संरक्षण ** | १००० | १००० | | धर्म भाषा कला |
| ख | कला संस्कृति ** | ७०० | ७०० | | धर्म भाषा कला |
| | **नगर तर्फको जम्मा** | **९०९४०** | **७५९४०** | **१५०००** | |
| | ** **वडा तर्फको जम्मा** | **२९७९६** | **२७८५६** | **१९४०** | |
| | **सामाजिक विकास तर्फको कूल जम्मा** | **१२०७३६** | **१०३७९६** | **१६९४०** | |
| **पुर्वाधार विकास** | | | | | |
| १ | भेरी Lifting को Approach Road निर्माण | ५००० | | ५००० | सडक तथा यातायात |
| २ | ल्यानफिल साईट पहुँचमार्ग निर्माण | ८००० | | ८००० | सडक तथा यातायात |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नगर क्षेत्र ढल ब्यवस्थापन | ४००० | | ४००० | सडक तथा यातायात |
| ४ | जीर्ण पीच वा खाल्डाखुल्डी मर्मत | ४००० | | ४००० | सडक तथा यातायात |
| ५ | नगर महत्वका आयोजना म्याचिङ फण्ड | ४६५०० | | ४६५०० | सडक तथा यातायात |
| ६ | खोला करिडोर निर्माण (खोला ईत्राम, खोर्के र नेवारे ) | ६००० | | ६००० | सडक तथा यातायात |
| ७ | वडा नं १५ र १६ मा विद्युतिकरण | १०००० | | १०००० | जलश्रोत विधुत उर्जा |
| ८ | निर्माण सम्पन्न भएका सडकमा सडकलाईन, Trafic Signal राख्ने | १००० | | १००० | शहरी विकास |
| ९ | घण्टाघरको घडी मर्मत सहित टावर सजावट | २५०० | | २५०० | शहरी विकास |
| १० | योजनाबद्ध पार्किङ, चोक सुधार, सुन्दरता ब्यवस्थापन | ५०० | | ५०० | शहरी विकास |
| ११ | वीरेन्द्रनगरको वृहत गुरुयोजना निर्माण | २०० | २०० | | शहरी विकास |
| १२ | बाङ्गेसिमलमा कर्णाली वसपार्क निर्माण (संघ र प्रदेश संग समन्वयन) | ५०० | ५०० | | शहरी विकास |
| १३ | सिटी बसपार्कको विस्तार र संस्था व्यवस्थापन | ५००० | ५००० | | शहरी विकास |
| १४ | गोठीकाँडा- छेडा हुदै बराहताल जोडने सडक स्तरोन्नती | ३००० | | ३००० | सडक तथा यातायात |
| १५ | कर्मी टोल देखी पूर्व तर्फ भैरेलडाँडा हुदै पानी ट्यांकीबाट वडा १३ कार्यालय सम्म सडक नाला निर्माण र ग्राभेल | १००० | | १००० | सडक तथा यातायात |
| १६ | वडा कार्यालय भवन निर्माण ४, ६, ८,११, १२ | ८००० | | ८००० | भवन |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | वडा नं ९ र १४ लाई पर्यटनक्षेत्र योजना गरी अत्यावश्यक पूर्वाधार निर्माण | २००० | | २००० | पर्यटन विकास |
| १८ | भवनको डिजाईन ड्रईङ र अन्य सुधार | ५०० | ५०० | | भवन तथा वस्ति |
| १९ | नक्शा पास सुधार | ५०० | ५०० | | भवन तथा वस्ति |
| २० | आकाशे पुलको सम्भाव्यता अध्ययन एवं निर्माण (एरी चोक, मंगलगढी चोक) | ५०० | ५०० | | शहरी विकास |
| २१ | वडा नं १२ आर्मि क्याम्प खोरीया हुदै जर्बुटा रुट पैदलमार्ग निर्माण | २००० | | २००० | सडक तथा यातायात |
| २२ | खलाकाटे देखी वडा कार्यालय सम्म जाने बाटोमा पुल निर्माण वडा नं १६ | ३००० | | ३००० | सडक तथा यातायात |
| २३ | दिवा सेवाकेन्द्र स्थापना (वडा नं २, ७, ९, १३, १४ मा | २००० | | २००० | भवन |
| २४ | विभिन्न टुक्रे योजना तथा सडक मर्मत तथा अन्य पूर्वाधार निर्माण | १०००० | | १०००० | सडक तथा यातायात |
| २५ | शहरी नापी कार्यक्रम | १५०० | १५०० | | शहरी विकास |
| २६ | आचार्य चोक- कृष्ण मन्दिर जाने बाटो निर्माण | २००० | | २००० | सडक तथा यातायात |
| २७ | बौद्धचोक- नामबहादुर मल्लको घर जाने बाटो | १००० | | १००० | सडक तथा यातायात |
| | **नगरतर्फको जम्मा** | **१३०२००** | **८७००** | **१२१५००** | |
| | ** **वडा तर्फको जम्मा** | **१३७९३०** | **१४१०** | **१३६५२०** | |
| | **पूर्वाधार कूल जम्मा** | **२६८१३०** | **१०११०** | **२५८०२०** | |
| | **वातावरण तथा विपद ब्यवस्थापन** | | | | |
| १ | विपद ब्यवस्थापन ** | २००० | २००० | | विपद ब्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वातावरण संरक्षण तथा जलवायू परिवर्तन ** | ५०० | ५०० | | वन वातावरण |
| ३ | फोहरमैला ब्यवस्थापन ** | ५००० | ५००० | | वातावरण तथा फोहरमैला |
| ४ | छाडा पशु नियन्त्रण तथा गौशाला ब्यवस्थापन | १००० | १००० | | वातावरण तथा फोहरमैला |
| ५ | हरियाली प्रवर्धन तथा वातावरण संरक्षण कार्यक्रम (बृक्षारोपण) | १००० | १००० | | वन वातावरण |
| ६ | एक वडा खेलमैदान तथा खुला जग्गामा पार्क निर्माण) | ३००० | ३००० | | वन वातावरण |
| ७ | ल्यानफिल साईट प्रभावित कार्यक्रम ** | १२०० | १२०० | | वातावरण तथा फोहरमैला |
| ८ | फुटपाथ, ट्राफिक व्यवस्थापन ** | ५०० | ५०० | | वातावरण तथा फोहरमैला |
| | **नगरतर्फ जम्मा** | **१४२००** | **१४२००** | | |
| | **वडा तर्फको जम्मा** | **१२५५०** | **१०४५०** | **२१००** | |
| | **वातावरण तथा विपद ब्यवस्थापन कुल जम्मा** | **२६७५०** | **२४६५०** | **२१००** | |
| | **आर्थिक विकास** | | | | |
| १ | भुमि ब्यवस्था ** | २००० | २००० | | भूमी सहकारी |
| २ | सहकारी प्रवर्धन ** | २००० | २००० | | भूमी सहकारी |
| ३ | उद्योग प्रवर्धन ** | २५०० | २५०० | | उद्योग |
| ४ | महिला स्वरोजगार ** | ५००० | ५००० | | श्रम तथा रोजगारी |
| ५ | पशु विकास कार्यक्रम ** | **३५००** | **२२२८** | **१२७२** | पशु विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उपभोक्ता हक संरक्षण तथा बजार अनुगमन ** | ५०० | ५०० | | उद्योग |
| ७ | कृषि कार्यक्रम ** | २००० | २००० | | कृषि |
| ८ | पकेट क्षेत्र तोकिएका महिला किसानहरुलाई ५०% अनुदान कार्यक्रम (कृषि औजार टनेल मल विउ आदी) | ८००० | ८००० | | कृषि |
| | **नगरतर्फको जम्मा** | **२५५००** | **२५५००** | **०** | |
| | ** **वडा तर्फको जम्मा** | **२९३३४** | **१९१३४** | **९८५०** | |
| | **कुल जम्मा** | **५४८३४** | **४४६३४** | **९८५०** | |
| | **सार्वजनि सेवा, सुशासन** | | | | |
| १ | राजश्व सुधार कार्यक्रम | १००० | १००० | | राजस्व |
| २ | बेरुजु न्यूनिकरण कार्यक्रम | ५०० | ५०० | | राजस्व तथा श्रोत परिचालन |
| ३ | हेल्लो पालिका एप्स संचालन | ५०० | ५०० | | नीति शुसासन |
| ४ | वीरेन्द्रनगर नगरपालिकाको व्यवस्थित Digital Profile निर्माण | ५०० | ५०० | | तथ्यांक |
| ५ | पंजिकरण अभिलेख डिजिटाइज | ६०० | ६०० | | तथ्यांक |
| ६ | सिसिटिभि मर्मत तथा थप | १००० | १००० | | विकास परिचालन |
| ७ | कार्यालयको संस्थागत एवं जनशक्तिको O&M पुर्नलेखन | ३०० | ३०० | | संगठन |
| ८ | सूचना केन्द्र संचालन | २०० | २०० | | तथ्यांक |
| ९ | सुशासन प्रर्वद्धन | ५०० | ५०० | | नीति शुसासन |
| १० | हाम्रो नगर राम्रो नगर बुलेटिन, रेडियो र टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण | ५०० | ५०० | | नीति शुसासन |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | संचार क्षेत्र प्रोत्साहन तथा सहकार्य विविध कार्यक्रम | ५०० | ५०० | | नीति शुसासन |
| १२ | दिवस पर्व उत्सव समारोह | ३०० | ३०० | | नीति शुसासन |
| १३ | कर्मचारी सेवा निवृत्त कोष (थप करार समेत) | ५०० | ५०० | | संगठन |
| १४ | न्यायिक क्षेत्र सुधार कार्यक्रम | ७०० | ७०० | | नीति न्याय |
| १५ | कर्मचारी क्षमता विकास (श्रेणी विहिन कर्मचारी सहित) | ५०० | ५०० | | संगठन |
| १६ | राजश्व संकलनमा सहकार्य तथा राजश्व फिर्ता कार्यक्रम | ५००० | ५००० | | राजश्व तथा श्रोत परचालन |
| | **नगरतर्फको जम्मा** | **१३१००** | **१३१००** | **०** | |
| | ** **वडा तर्फको जम्मा** | १०७४० | १०६४० | १०० | |
| | **सुशासन कूल जम्मा** | **२३८४०** | **२३७४०** | **१००** | |
| | **वडाको कूल जम्मा** | **२२००००** | **६९४९०** | **१५०५१०** | |
| | **नगरको कूल जम्मा** | **४९३९४०** | **२०६९३०** | **२८७०१०** | |
| | **वडा तर्फको चालु जम्मा** | **१४८००** | **१४८००** | **०** | |
| | नगर कार्यपालिकाको कार्यालय संचालन चालू | २६५१०० | २६५१०० | ० | |
| | संघीय सशर्त सामाजिक सूरक्षा सहीत | ९२६९६४ | ८३९४६४ | ८७५०० | |
| | प्रदेश विविध कार्यक्रम सहित सशर्त | २०८३०९ | ४३२७२ | १६५०३७ | |
| | वित्तिय ब्यवस्था | ३२००० | | | |
| | | **१९४१११२.५** | **१३६९५६६.०** | **५३९५४६.५** | |

*पुनश्च: दुई ** भएको ब्याख्या राखिएको ।*

**कुल वजेटमा चालू पुजीगत**

| | | |
|---|---|---|
| चालू प्रतिशत | | ७१ |
| पूजीगत प्रतिशत | | २८ |
| वित्तिय ब्यवस्था | | २ |

| | | |
|---|---|---|
| **जम्मा** | | १०० |